# प्रभाव दैनिक
National Daily



**नेपालको संबिधानका मुख्य विशेषताहरू**

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मूल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ११ | अंक १४९ | काठमाडौं | बुधबार, ०२ असोज २०८१ | Prabhab National Daily | Wednesday, September 18, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




मंगलबार काठमाडौंको वसन्तपुरमा इन्द्रजात्राको अवलोकन गर्दै सर्वसाधरण । (थप पृष्ठ ३ मा) *तस्बिरः प्रदीपराज वन्त/रासस*

# प्रदेशलाई थप सबल बनाउन देउवाको जोड

> हाल देखिएका समस्या र कमजोरीलाई सुधार्दै प्रदेश संरचनालाई बलियो बनाउन लाग्नुको विकल्प छैन : *सभापति देउवा*

**ललितपुर (प्रस)–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रदेश संरचनालाई थप सबल बनाउँदै लैजानुपर्ने बताएका छन् । संविधान दिवसका अवसरमा नेपाली कांग्रेस कानुन विभागले मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको 'संविधानको एक दशक कार्यान्वयन र चुनौती' विषयक विचार गोष्ठीमा उनले हाल देखिएका समस्या र कमजोरीलाई सुधार्दै प्रदेश संरचनालाई बलियो बनाउन लाग्नुको विकल्प नरहेको बताएका हुन् ।

उनले सबै जातजातिलाई मूलप्रवाहीकरण गर्न समानुपातिक समावेशिताको सान्दर्भिकता रहेको बताए । त्यसैले समानुपातिक व्यवस्थालाई पनि थप व्यवस्थित बनाउनुपर्नेमा उनले जोड दिए । 'कतिपय समुदायलाई समानुपातिक प्रतिनिधित्व गर्नैपर्ने बाध्यता छ । यो देश सबैको हो, त्यसैले समावेशी सिद्धान्तका आकारमा सबै जातजातिलाई राज्यको मूल शासनप्रणालीमा ल्याउन पनि यो समानुपातिक समावेशी प्रणालीको आवश्यकता छ,' सभापति देउवाले भने ।



संविधानले परिकल्पना गरेअनुसार समानुपातिक विकासका लागि पनि यस व्यवस्थालाई पूर्णरूपमा लागू गर्नुपर्नेमा उनले जोड दिए । उनले सोहीअनुसार संविधान संशोधन गरिनुपर्ने धारणा राखे । 'जातीय छुवाछूत अन्त्यका लागि भएको कानुनी व्यवस्था व्यवहारमा लागू हुनसकेको छैन । प्रजातन्त्र स्थापना भएको लामो समय भए पनि अझै धेरै सुधारको खाँचो छ । स्वतन्त्र न्यायपालिकालाई बचाउनु छ,' पूर्वप्रधानमन्त्री देउवाले अगाडि भने, 'प्रजातन्त्र नै लोकतन्त्रको मूल कडी हो, प्रजातन्त्रलाई बन्धक बनाउनेगरी संविधान संशोधन हुँदैन ।'

कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले संविधानको जग संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशिता नै भएकाले त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने आवश्यकता औंल्याइन् । 'कांग्रेसले समावेशितालाई अपनाउन, विभेद र असमानता हटाउन गरेको योगदानको चर्चा जनसमक्ष पुग्न सकेन,' उनले भनिन्, 'बहुमत प्राप्त स्थिर सरकार नहुँदा हाम्रो परिकल्पनाअनुसार घोषणापत्र कार्यान्वयन गर्न सकिएन ।

(**क्रमशः पृष्ठ २ मा**)

सहकारीको बचत अपचलन प्रकरण

# गलत 'ब्रिफिङ'ले रास्वपामा खुसियाली



*तस्बिरः रास्वपाको फेसबुक पेजबाट*

- सहकारीको बचत अपचलनमा सभापति रवि लामिछानेलाई दोषी ठहऱ्याउँदा पनि रास्वपामा खुसियाली
- गलत 'ब्रिफिङ' गरेर नेता कार्यकर्तादेखि रविलाई खुसी तुल्याउने समिति सदस्य शिशिर खनाल
- लामिछाने जेल जानसक्ने कर्पोरेट कानुनका विज्ञ रमण कर्णको भनाइ

■ **जेबी योञ्जन**

**काठमाडौं–** सहकारीको बचत अपचलसम्बन्धी अध्ययन गर्न गठित संसदीय छानबिन विशेष समितिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई दोषी ठहर गर्दै कारबाही सिफारिस गरेको छ । यसले लामिछाने र सिंगो रास्वपालाई झट्का लाग्नुपर्ने हो । तर, उक्त पार्टीमा उल्टै उत्साह देखिएको छ ।

मंगलबारदेखि कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सुरु भएको राष्ट्रिय भेलामा सहभागी कार्यकर्तामा समितिको प्रतिवेदनलाई लिएर उत्साह देखियो । पार्टीबाट समिति सदस्य रहेका सांसद शिशिर खनालले गलत 'ब्रिफिङ' गरेका कारण यस्तो उत्साह देखिएको हो ।

खनालले भेलालाई सम्बोधन गर्दै सहकारीको बचत अपचलन प्रकरणमा सभापति लामिछानेको भूमिका 'अरूले चोरेर ल्याएको काँक्रो काटिएपछि एक टुक्रा खाएको' प्रसंगसँग ठ्याक्कै मिलेको बताए । 'पहिला काँक्रो चोर तँ होस् भनेर आरोप लगाइयो । तर, काँक्रो अरूले नै चोरेको रहेछ । ल्याइएको काँक्रो अरूले काटेपछि तैँले पनि एक टुक्रा खाइछस् भन्नु कति न्यायोचित हो ? प्रचारचाहिँ यही रूपमा गराइँदै छ,' उनले भने । सांसद खनाल यतिमा रोकिएनन् । उनले देशभरबाट भेलामा आएका प्रतिनिधिलाई सभापति लामिछाने सहकारी ठग होइन भनेर गर्वका साथ बोल्न आग्रह गरे ।

> रास्वपाका नेताहरूले सभापति लामिछानेले 'क्लिन चिट' पायो भनेको सुन्छु, जुन गलत हो । उहाँ त विभिन्न सहकारीबाट आएको बचत अपचलन गरेकोमा दोषी ठहरिनुभएको छ । उहाँलाई कैद सजाय हुन सक्छ ।
>
> ■ **रमण कर्ण**
> **कर्पोरेट कानुनका जानकार**

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा आत्महत्याको ग्राफ बढ्दो

## टेलिमेडिसिनमार्फत मनोपरामर्श सेवा दिंदै सरकार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि गएका युवाहरूले आत्महत्या गर्ने क्रम बढ्दो देखिएको छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार श्रम गन्तव्य मुलुकहरूमा हरेक वर्ष आत्महत्या गर्ने नेपालीहरूको संख्या बढ्दै गइरहेको छ । विदेशमा काम गर्ने क्रममा मृत्यु हुने तेस्रो कारण आत्महत्या बनेको तथ्यांकले देखाउँछ ।

बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा गएकाहरूमध्ये विभिन्न कारणबाट एक हजार ३७८ जनाले ज्यान गुमाएका छन् । जसमा १९० जनाले आत्महत्या गरेको उल्लेख गरिएको छ । अघिल्ला चार वर्षमा पनि अत्महत्या क्रमशः बढेको देखिएको छ । आर्थिक वर्ष २०७६/७७ मा ६७ जना, २०७७/७८ मा १४४ जना, २०७८/७९ मा १०७ जना र २०७९/८० मा १४७ जनाले आत्महत्या गरेको तथ्यांक छ ।

पछिल्लो पाँच वर्षको अवधिमा ६५५ जनाले रोजगारीका क्रममा विदेशमा आत्महत्या गरेको बोर्डले जनाएको छ । विदेशमा प्राकृतिक रूपमा मृत्यु हुनेको संख्या सबैभन्दा बढी छ । दोस्रोमा अन्य कारणबाट मृत्यु हुनेको संख्या छ भने तेस्रोमा आत्महत्यालाई लिइएको छ । वैदेशिक रोजगारीमा गएकाहरूले आत्महत्या गर्नुको कारणबारे कुनै अध्ययन गरिएको छैन । आत्महत्यालगायतका अन्य कारणबाट हुने मृत्युको रोकथामका लागि आवश्यक उपायहरू अवलम्बन गरिरहेको बोर्डका निर्देशक एवं सूचना अधिकारी टिकाराम ढकाल दाबी गर्छन् ।

> वैदेशिक रोजगारीमा जानेहरु अलि बढी महत्त्वाकांक्षी हुने गर्छन् । यसमा पारिवारिक, आर्थिक र भविष्यको कुरा जोडिएको हुन्छ, विदेशमा त्यो पूरा नहुन पनि सक्छ । जसले डिप्रेसनको स्तर बढ्छ र आत्महत्यासम्म पुऱ्याउँछ ।
>
> ■ **गोपाल ढकाल**
> **मनोपरामर्शविद्**

'श्रम गन्तव्य मुलुका नेपालीहरूले आत्महत्या गर्नुको कारणबारे ठोस अध्ययन गरिएको छैन,' उनले भने, 'अध्ययनका लागि स्रोतसाधन र जनशक्तिको अभाव छ, तर पनि यसको रोकथामका उपायहरू अवलम्बन गरिरहेका छौं ।' आत्महत्यालगायत अन्य कारणबाट हुने मृत्युको न्यूनीकरण गर्न बोर्डले वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालन गरिरहेको ढकालले जानकारी दिए । विदेशमा काम गरिरहेकाहरूलाई ह्वाट्सएप, भाइबर र इमोलगायतका सञ्चारमाध्यमको प्रयोग गरी भिडियो कलबाटै स्वास्थ्य तथा मनोपरामर्श सेवा दिइरहेको उनको भनाइ छ । उनका अनुसार मलेसिया र खाडीका मुलुकहरूमा सबैभन्दा बढी आत्महत्या गर्ने गरेको पाइएको छ ।

वैदेशिक रोजगारीको क्रममा रहेका श्रमिकहरूको शारीरिक तथा मानसिक स्वास्थ्यलाई ख्याल गरेर बोर्डले २०७९ चैतदेखि टेलिमेडिसिन सेवा आरम्भ गरेको ढकालले बताए । 'डिप्रेसन र एञ्जाइटीजस्ता समस्या भएका व्यक्तिले छिटो आत्महत्या गर्नसक्ने भन्दै त्यस्ता समस्या भएकाहरूलाई श्रम गन्तव्य मुलुकमा भिडियो कलबाट टेलिमेडिसिन सेवा उपलब्ध गराइन्छ,' उनले भने, 'यसका लागि साथीभाइ, परिवार र आफन्तले नै समस्या भएका व्यक्तिहरूको पहिचान गरेर सेवा लिन उत्प्रेरित गराउनुपर्छ ।'

आत्महत्या गर्ने व्यक्तिमा चिन्ता हुने, डर लागेको जस्तो हुने, एकदमै निराश हुने वा एकान्त रुचाउनेजस्तो लक्षण देखिने वीर अस्पतालका डा. सञ्जय धरेलले बताए । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई टेलिमेडिसिनमार्फत मनोपरामर्श सेवा दिँदै आएका डा. धरेलले मलेसिया र खाडी मुलुकमा रहेका श्रमिकहरूमा यो समस्या बढी रहेको बताए । उनका अनुसार वैदेशिक रोजगारीमा गएका २०-४० वर्ष उमेर समूहका युवाहरूमा शारीरिकभन्दा पनि मानसिक नैराश्यता बढी देखिएको छ । सम्पर्कमा आएका अधिकांश डिप्रेसन र मनोरोगका बिरामीलाई चिकित्सकको सिफारिसविना औषधि प्रयोग गर्न नपाइने भएका कारण नेपालबाटै त्यस्तो सिफारिस पठाउने गरिएको डा. धरेलले बताए ।

(**क्रमशः पृष्ठ २ मा**)




पृष्ठ १ बाट क्रमशः

## गलत 'ब्रिफिङ'ले...

यससँगै उनले देशभरका सहकारीबाट ८७ अर्ब रूपैयाँ अपचलन भएको भन्दै त्यो खोज्ने भूमिका रास्वपाको भएको बताए । 'समितिले कार्यादेश पाएका सहकारीबाट मात्रै ८७ अर्ब रूपैयाँ अपचलन भएको छ । अब हाम्रो काम चिया पसल, चोकदेखि संसद् भवनसम्म त्यो पैसा खोज्ने हो । हामी त्यो पैसा खोज्छौं,' खनालले कार्यकर्तालाई भने ।

यसपछि रास्वपाको भेलामा खुसियाली छायो । नेता कार्यकर्ताहरू उत्साहित भए । सभापति लामिछानेलाई फसाउन खोजिएको तर समितिको प्रतिवेदनले सत्यतथ्य बाहिर ल्याएको भन्दै कार्यकर्ताहरूले खुसियाली मनाए ।

सांसद खनाल सहकारी प्रतिवेदनका एक जना हस्ताक्षरकर्ता हुन् । उनीसमेतले हस्ताक्षर गरेको प्रतिवेदनले भने उनले भनेजस्तो लामिछानेले सफाइ पाएका छैनन् । ठीक उल्टो प्रचलित कानुनअनुसार लामिछानेलाई कारबाही गर्न सिफारिस गरेको छ । कारण, गोरखा मिडिया नेटवर्कका अध्यक्ष गितेन्द्रबाबु (जिबी) राईले विभिन्न सहकारीबाट ल्याएको बचत खर्च गरेर दुरूपयोग गरेको भूमिकामा लामिछानेलाई प्रतिवेदनले जिम्मेवार ठहर गरेको छ । सोहीअनुसार सरकारसमक्ष कारबाहीको लागि सिफारिस भएको हो । सभामुख देवराज घिमिरेले प्रतिवेदनअनुसार कारबाही प्रक्रिया अघि बढाउन सोमबार नै सरकारलाई निर्देशन दिइसकेका छन् । यसले गर्दा सार्वभौम संसद्को निर्देशन र समितिको सिफारिस कार्यान्वयन गर्ने दायित्व अब प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकको देखिएको छ ।

तर, लामिछानेको दलमा सांसद खनालको गलत ब्रिफिङले भने बिछट्टै उत्साह पैदा भएको छ । प्रतिवेदनमा स्पष्टरूपमा लामिछानेको भूमिका विभिन्न सहकारीबाट आएको बचत रकम दुरूपयोग (अपचलन) मा रहेको किटान गरिएको छ । सहकारी ठगीमा भने रविको संलग्नता नभएको भनिएको छ । यसलाई नै लिएर रास्वपामा उमंगता छाएको हो । राष्ट्रिय भेला जारी रहेको हलमा यसपछि सभापति लामिछाने जुरुक्क उठेर कार्यकर्तालाई अभिवादन गरे । त्यसबेला हलमा सुनियो- रवि दाइ, हाइ हाइ । यसपछि भेलामा मधेस प्रदेशको प्रतिवेदन पेस गर्दै मधेसका सभपाति तपेश्वर यादवले लामिछानेलाई दुईतिहाइको प्रधानमन्त्री बनाउने सपनाबाहेक आफूसँग थप इच्छा, चाहना नभएको घोषणा गरे । यादवको भाषणले लामिछाने प्रफुल्लित देखिए । उनको अनुहारमा पूरै चमक देखियो ।

यसपछि गण्डकी प्रदेश सभापति राजन गौतमले लामिछानेलाई प्रधानमन्त्री बनाउने र देशको मुहार फेरिएको हेर्नेबाहेक केही चाहना नभएको बताए । उनले भने, 'रवि लामिछानेलाई प्रधानमन्त्री बनाउने रहर छ । बरु म चुनाव लड्दिनँ ।'

लुम्बिनी प्रदेश सभापति देवराज पाठकले त लामिछानेलाई दुईतिहाइको प्रधानमन्त्री बनाउने घोषणा गरे । निलम्बित महामन्त्री मुकुल ढकालको प्रतिवेदनले पार्टीमा आकर्षण घटेको र पार्टी नेताहरूले जनताको पक्षमा काम गर्न नसकेको दाबी गरेको अवस्थाबीच पाठकले लामिछानेलाई दुईतिहाइको प्रधानमन्त्री बनाउने प्रतिज्ञा गरेका हुन् ।

प्रदेश सभापतिहरूको हौसलापूर्ण अभिव्यक्ति र माहोलले लामिछाने जोसिए । उनले बाहिरको प्रहार खेपिरहेको र पार्टीभित्रैबाट चाहिँ प्रहार नगर्न आग्रह गरे । 'बाहिरको प्रहार जति पनि खेप्छु, खेप्छौं । भित्रबाट प्रहार नगर्नुस् । हामी लड्यौं भने आफ्नै खुट्टामा अल्झिएर लड्छौं,' लामिछाने भन्छन् ।

उनले आफूमाथि सहकारी प्रकरण उचालेर सिध्याउन खोजे पनि त्यो असफल भएको दाबी गरे । अब भने गोरखा मिडियातिरबाट आक्रमण हुनसक्ने उनले बताए । उनले कांग्रेस महामन्त्री गगनकुमार थापालक्षित अभिव्यक्ति पनि दिए । 'म कसैको कटाक्ष गर्न आएको होइन । तर छुस्स त दिनुपऱ्यो नि । मेरा मित्र संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले सामाजिक सञ्जालमा बडो राम्रोसँग लेख्नुभयो । प्रमाण छ, प्रमाण छ भनेको होइन रहेछ, प्रणाम छ भनेको रहेछ । मेरो पनि प्रणाम छ उहाँलाई,' लामिछानेले भने ।

### 'लामिछानेमाथि कैद सजाय हुनसक्छ'

कर्पोरेट कानुनका जानकार रमण कर्णले रास्वपा सभापति लामिछाने जेल जानसक्ने बताएका छन् । सहकारी ऐन २०७४ र कम्पनी ऐन २०६३ विरुद्धको कसुर गरेको संसदीय छानबिन समितिको प्रतिवेदनले औंल्याएकाले उनीविरुद्ध सोहीअनुसार कैद र जरिवाना हुने उनको भनाइ छ । किर्ते, ठगी र सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन पनि लामिछानेको हकमा आकर्षित हुने उनले बताए । उनले लामिछानेले गोर्खा मिडिया नेटवर्कमा विभिन्न सहकारीबाट आएको बचत रकम प्रबन्ध निर्देशकको हैसियतमा खर्च गरेको वित्तीय विवरणबाट पुष्टि भएकोले उनले अपचलनमा उन्मुक्ति नपाएको बताए ।

'रास्वपाका नेताहरूले उहाँ (लामिछाने)ले क्लिन चिट पाउनुभयो भनेको सुन्छु, जुन गलत हो । उहाँ त विभिन्न सहकारीबाट आएको बचत अपचलन गरेकोमा दोषी ठहरिनुभएको छ र उहाँलाई कैद सजाय हुन सक्छ,' कर्णले भने । संसदीय छानबिन समितिले बुझाएको प्रतिवेदनलाई सरकारले कार्यान्वयन गर्नैपर्ने उनले बताए । उनका अनुसार सरकारले प्रचलित कानुनअनुसार कारबाही गरेको अवस्थामा लामिछानेको सांसद पद निलम्बनमा पर्ने छ ।

● ● ●

## प्रदेशलाई थप...

त्यसो भएको भए थप काम गर्न सकिन्थ्यो । गठबन्धन सरकार बनाउनु हाम्रो बाध्यता हो ।' कांग्रेस केन्द्रीय सदस्य एवं कानुन विभाग प्रमुख मानबहादुर नेपालीले जनताले देखेका सपना, अपेक्षा र आशालाई यथार्थमा बदल्न लाग्नुपर्ने बताए । उनले संविधान निर्माणको नेतृत्व गरेको पार्टी कांग्रेस यसमा अझ बढी जिम्मेवार र सचेत हुनुपर्ने बताए ।

वरिष्ठ अधिवक्ता एवं संविधानविद् पूर्णमान शाक्यले नेपाली कांग्रेसले राजामा निहित अधिकार जनतामा ल्याउन र जनप्रतिनिधिमार्फत संविधान निर्माण गरेर त्यसलाई वैधता दिन खेलेको भूमिका सराहनीय रहेको र अब त्यसको संस्थागत विकासका लागि काम गर्नुपर्नेमा जोड दिए । उनले संविधानले अंगिकार गरेको मूल्य मान्यतालाई अझ बलियो बनाउने गरी क्रियाशील हुन आग्रह गरे ।

● ● ●

## वैदेशिक रोजगारीमा...

वैदेशिक रोजगारीमा जानुअघि बनेको मानसिकता र त्यहाँ पुगिसकेपछि हुने फरक अवस्थाका कारण सन्तुलन मिल्न नसक्दा थुप्रै युवामा नैराश्यता र मानसिक स्वास्थ्यमासमेत असर पर्न जाने मनोपरामर्शविज्ञ गोपाल ढकाल बताउँछन् । आफ्नो अपेक्षाअनुसार नभएपछि व्यक्ति विस्तारै डिप्रेसनमा जाने र आत्महत्याको सोच आउने र अन्त्यमा आत्महत्या गर्नेसम्मको घटना हुने उनको भनाइ छ । 'वैदेशिक रोजगारीमा जानेहरू अलि बढी महत्त्वाकांक्षी हुने गर्छन्,' उनले भने, 'यसमा पारिवारिक, आर्थिक र भविष्यको कुरा जोडिएको हुन्छ, विदेशमा त्यो पूरा नहुन पनि सक्छ, यसले डिप्रेसनको स्तर बढ्छ र आत्महत्यासम्म पुऱ्याउँछ ।'

आत्महत्या रोकथामका लागि सरकारले नै विदेश जाने युवाहरूलाई वैदेशिक रोजगारसम्बन्धी पर्याप्त मात्रामा परामर्श दिनुपर्ने ढकालको भनाइ छ । उनीहरूलाई रोजगारीको प्रकृति, काम गर्ने वातावरण, आम्दानी र सेवासुविधा तथा श्रम गन्तव्यबारे प्रभावकारी रूपमा सचेतना फैलाउनुपर्ने ढकालले बताए । विदेश जानुअघि प्रत्येक श्रमिकको शारीरिक मात्र नभई मानसिक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था भए आत्महत्या गर्नेको संख्यामा कमी आउने ढकालको भनाइ छ ।

# मनाइयो विश्वकर्मा तथा वास्तु दिवस

**काठमाडौं (प्रस)**– आश्विन संक्रान्ति अर्थात् कन्या राशिमा सूर्य प्रवेश गरेका दिन मंगलबार कालीगढहरूले विश्वकर्माको पूजा आराधना गरी विश्वकर्मा दिवस मनाएका छन् । विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्‌को मूर्ति वा तस्बिर राखी विधिपूर्वक पूजाआराधना गरी दिवस मनाइएको हो ।

विश्वकर्माको मूर्ति बागमती नदीको मुहानस्थल सुन्दरीजल वा अन्य शुद्ध नदी किनारमा लगेर सेलाउने गरिन्छ । यस दिन कालीगढले उपयोगमा ल्याउने विभिन्न औजारको पूजा गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दुःख दिएपछि विश्वकर्माले समुद्रको बीचमा 'भेद द्वारका' बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुद्रबीचमा 'भेद द्वारका'को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रूपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको धर्मशास्त्रविद् प्रा. तोयराज नेपाल बताउँछन् ।

प्राचीन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रूपमा लिइन्छ । विश्वकर्माले निर्माण गरेको 'भेद द्वारका' अहिले पनि भारतको गुजरात राज्यमा समुद्रको बीचमा रहेको बताइन्छ । विश्वकर्मालाई वास्तुविद्याका विशिष्ट ज्ञाताका रूपमासमेत मानिन्छ । चार उपवेदमध्येको एक स्थापत्यवेदमा वास्तुकै विषय उल्लेख गरिएको छ । स्थापत्यलाई अथर्व वेदको उपवेद मानिन्छ ।

'विश्वकर्मा प्रकाश' नामक वास्तुशास्त्रको ग्रन्थ उनले नै तयार पारेको विश्वास गरिने वास्तुशास्त्री शिव पोखरेल बताउँछन् । यही सम्झनामा नेपालका कालीगढले उक्त दिन विश्वकर्मा बाबाको पूजा गरी उनको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गर्दछन् ।

वास्तुशास्त्र पुस्तकका लेखक एवं अध्येताको सम्झनामा यस दिनलाई वास्तुविद्ले वास्तु दिवसका रूपमासमेत मनाउने गर्छन् । वास्तु दिवसका अवसरमा मंगलबार नेपाल ज्योतिष परिषद्ले कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा नेपाल पञ्चांग निर्णायक विकास समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीलगायतले वास्तुविद्याको प्रवर्द्धनमा काम गरिनुपर्नेमा जोड दिएका थिए ।

## लागुऔषध दुर्व्यसनसँग लड्न एकीकृत ढंगबाट अघि बढ्नुपर्ने

**काठमाडौं (प्रस)**– प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले लागुऔषध दुर्व्यसनसँग लड्न एकीकृत ढंगबाट अघि बढ्नुपर्नेमा जोड दिएका छन् । उनले लागुऔषध दुर्व्यसन नियन्त्रण गर्ने उद्देश्यले स्थापना भएको आसरा सुधार केन्द्रले दुर्व्यसनीलाई समाजमा पुनःस्थापना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।

केन्द्रको २८औं वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उनले सामाजिक सुधार र सकारात्मक परिवर्तनका लागि केन्द्रले गरेको योगदानको चर्चा गर्दै लागुऔषध प्रयोगकर्तालाई परामर्श, उपचार र पुनःस्थापनाका माध्यमबाट नयाँ जीवन प्रदान गरेको बताए ।


**श्री वतासचुली सामुदायिक वन उपभोक्ता समूह**
**उदयपुरगढी गाउँपालिका ५ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी**

**दोस्रो पटक प्रकाशित सूचना**

यस सामुदायिक वन बाट आर्थिक वर्ष २०८०/०८१ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर २ को साल थान ४१ को ४३६.०० क्युफिट लट नम्बर ३ को साल थान ४८ को ४३७.७४ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्रदाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**
**उदयपुरगढी गाउँपालिका १ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी**

**दोस्रो पटक प्रकाशित सूचना**

यस सामुदायिक वन बाट आर्थिक बर्ष २०८०/०८१ मा संकलन गरी घाटगद्दि गरेका लट नम्बर १ को साल थान ६८ को ५०९.७९ क्युफिट काठ जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्रदाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फांट**

**३५ दिने सार्वजनिक सूचना**

जि. सर्लाही साविक गा.वि.स. हरिवन वार्ड नं. ९ हाल बागमती न.पा. वार्ड नं. ३ मा बस्ने **रामजी रायमभी** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सिन्धुली गा.वि.स. सितलपाटी वार्ड नं. ५ हाल सुनकोशी गा.पा. वार्ड न ६ मा बस्ने दिल कुमारी थापा को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हरिवन वार्ड नं. ९ज कि.नं. १०९६ को क्षेत्रफल ०-७-०, ऐ ऐ कि.नं. १०९८ को क्षेत्रफल ०-३-० जग्गाको मोही महलमा जि. सर्लाही साविक गा.वि.स. हरिवन वार्ड नं. ९ हाल बागमती न.पा. वार्ड नं. ३ मा बस्ने रामजी रायमाझी को नाम उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८१/२/१७ गतेको आदेशानुसार मोही हकदावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला नआएमा वा म्याद गुजारी बनेमा कानून वमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकाबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **श्री Great Nepal H.R. Pvt. Ltd. (ई.प.न. १६८८/०८०/०८१)**को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू तपसलि बमोजिमका व्यक्तिको नाममा शेयर दा.खा नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविकको शेयरधनी नाम/शेयर संख्या | अव कायम हुने शेयरधनी नाम/शेयर संख्या |
|---|---|
| १. श्री जातिराम ओली (०१- १००,०००) | १. श्री सम्झना खड्का (०१- १००,०००) |

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पुर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**लमजुङ, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०६/०२**

यस कार्यालयबाट मिति २०८१/०२/११ को राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र अनुसार रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्य प्राविधिक प्रस्तावमा उतिर्ण बोलपत्रदाताहरु मध्य न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तल उल्लेखित बोलपत्रदाता स्वीकृतीका लागि छनौट गरिएकाले सार्वजनिक खरिद एन २०६३ को दफा २७(२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम | कबोल अंक (भ्याट र P.S समेत) |
|---|---|---|---|---|
| १ | IDO/LAMJUNG/NCB/W/ROAD/06/080-081 | Construction/Upgrading of Karaputar-Daduwa-Salmebhanjyang-Maling-Kapurgaun Road (Third Section 1+910-5+550) | M/S Nayayug Construction Pvt. Ltd., Kupondole, Lalitpur | ८,३०,७८,०९१।५० |


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ०२ असोज, २०८१

| | |
|---|---|
| **मेष** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । |
| **वृष** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |
| **मिथुन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |
| **कर्कट** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **सिंह** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कन्या** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **तुला** | शुभचिन्तकहरुको साथले काममा उत्साह जाग्नेछ । |
| **वृश्चिक** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **धनु** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मीन** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ असोज, २०८१ (१८ सेप्टेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# राष्ट्रपतिले अवलोकन गरे इन्द्रजात्रा



■ प्रभाव संवाददाता

**काठमाडौँ–** राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्राका अवसरमा हनुमाढोका दरबारमा मंगलबार आयोजित जात्रा अवलोकन गरेका छन्। उनी नयाँ सडककस्थित जुद्ध सालिकबाट गद्दी बैठकसम्म हिँडेर गएका थिए। गत वर्षदेखि राष्ट्रपति पौडेल जुद्ध सालिकबाट गद्दी बैठकसम्म पैदल जान थालेका हुन्। गद्दी बैठक पुगेर राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाएपछि गणेश, भैरव र कुमारीको रथयात्रा प्रारम्भ भएको थियो।

इन्द्रजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाललगायत सहभागी भएका थिए। नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि पनि जात्रा अवलोकनमा सहभागी भएका थिए।

भाद्र शुक्ल द्वादशीका दिन बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको मंगलबार मुख्य दिन हो। मंगलबार तल्लोटोलमा रथयात्रा चलाइएको गुठी संस्थान धार्मिक शाखाका प्रमुख हरिप्रसाद सुवेदीले जानकारी दिए। आज बुधबार माथिल्लो टोलमा रथयात्रा गरिने उनले बताए।

असोज ५ गते शनिबार महिलाले मात्र रथ तानेर नानीचा यात्रा चलाइने छ। सोही दिन अपराह्न राष्ट्रपति पौडेलले कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्ने छन्। टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परा छ।

असोज ५ गते राति १०:३१ बजे इन्द्रध्वजोपतनपछि इन्द्रजात्रा समापन हुन्छ। इन्द्रजात्रा प्रताप मल्लको शासनकालमा सुरु भएको विश्वास छ। इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गरेका थिए। काठमाडौं उपत्यकामा मनाइनेमध्ये यो सबैभन्दा लामो जात्रा हो। वर्षा र सहकालका देवताका रूपमा पूजिने इन्द्रको मंगलबार पूजार्चना पनि गरिएको थियो। जात्राका अवसरमा लाखे, दशावतार, महाकाली, रामचन्द्र, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी पनि प्रस्तुत गरिएको थियो।

## यात्रा इजाजतप्राप्त हतियारसमेत सरकारी र सार्वजनिकस्थलमा लैजान नपाइने

**काठमाडौं (प्रस)–** यात्रा इजाजतप्राप्त हतियार नवीकरणका लागि सम्बन्धित कार्यालयमाबाहेक अन्यत्र सरकारी कार्यालय एवं सार्वजनिकस्थलमा लैजान नपाइने भएको छ। सरकारले सोमबार (भदौ ३१ गते) सूचना प्रकाशित गरी यात्रा इजाजतपत्र प्राप्त हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजनबाहेक लैजान नपाउने जनाएको हो।

मुख्यगरी सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्त्विक र संरक्षितस्थल, बाल गृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत ती हतियार लैजान नपाउने गरी निषेध गरेको गृह मन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सूचनामा उल्लेख छ।

सूचनामा नेपाल सरकारले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ बमोजिम हातहतियार राख्न वा लिएर हिँड्न इजाजतपत्र प्राप्त गरेका तर दफा ४ र ५ बमोजिम यात्रा इजाजतपत्र प्राप्त नगरेका हातहतियार घरबाहिर लैजान नपाउने जनाएको छ।

राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ, 'यात्रा इजाजतपत्र प्राप्त गरेका हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजन बाहेक सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्त्विक र संरक्षितस्थल, बालगृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत लैजान नपाउने गरी निषेध गरेकोले यो सूचना प्रकाशन गरिएको छ।'

मेडिकल व्यवसायी दुर्गा प्रसाईंको अंगरक्षकले अदालत परिसरमा हतियार लगेको भेटिएपछि सर्वोच्चले त्यस विषयमा आवश्यक कानुन बनाउन आदेश दिएअनुसार सरकारले उक्त निर्णय गरी राजपत्रमा सूचना जारी गरेको हो।

## गोंगबु बसपार्कलाई प्रविधिमैत्री बनाइने

**काठमाडौं–** काठमाडौं महानगरपालिका-२६ गोंगबुस्थित नयाँ बसपार्कलाई प्रविधिमैत्री बनाउने भएको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र पूर्वयातायात व्यवस्थापन प्रालिले विश्वकर्मा पूजाका अवसरमा मंगलबार नयाँबसपार्कमा आयोजना गरेको कार्यक्रममा यातायात क्षेत्रको सुधारका लागि गोंगबु बसपार्कलाई प्रविधिमैत्री बनाइने व्यवसायीले बताएका हुन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले नयाँ बसपार्कलाई दसैंअगाडि प्रविधिमैत्री बनाउनेगरी महासंघले तयारी गरिरहेको जानकारी दिए। 'नयाँ बसपार्क क्षेत्रमा देखिएको विकृति, विसंगति अन्त्य गर्न महासंघ लाग्ने छ,' उनले भने। उनले मुलुकको सार्वजनिक यातायातको क्षेत्रमा १० खर्ब रूपैयाँभन्दा बढी लगानी र चार लाखले प्रत्यक्ष रोजगारी पाएको बताउँदै यसको संरक्षणका लागि यातायात व्यवसायी तथा मजदुर एक भएर अगाडि बढ्नुपर्ने बताए।

उनले महिलालाई सार्वजनिक यातायातको क्षेत्रमा काम गर्ने वातावरण निर्माण गर्न महासंघले तालिम तथा गोष्ठी आयोजना गर्ने उल्लेख गरे। बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष दीपक कुँवरले नयाँ बसपार्कलाई नमूना बसपार्कका रूपमा विकास गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए। उनले चाडपर्वमा घर जाने यात्रु सार्वजनिक यातायातको भाडामा ठगिएको जनगुनासो आउने गरेकाले त्यसलाई रोक्न व्यवसायी र मजदुरलाई आग्रह गरे।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, महासचिव डेकनाथ गौतमलगायतले यात्रुमैत्री, व्यवसायमैत्री र मजदुरमैत्री बसपार्क निर्माणमा सबै लाग्नुपर्नेमा जोड दिए। कार्यक्रममा नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष भीमज्वाला राई, अखिल नेपाल यातायात मजदुर संघका अध्यक्ष दीपक केसी, नेपाल यातायात मजदुर संघका महासचिव जगन्नाथ गौतम, कोषाध्यक्ष मीन पनेरुलगायतले आ-आफ्नो दायित्व पूरा गरेर अगाडि बढेमात्र मुलुकको यातायात क्षेत्र सुधार्न सकिने भनाइ राखे। *रासस*

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**भद्रपुर, झापा (स्थानीय प्रशासन)**

### जग्गा प्राप्ति सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/०२)

दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले वडा नं. ७ मा निर्माण गर्ने बहुउपयोगी भवनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्न सहमति प्रदान गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्को) २०८१/०५/२० को निर्णय बमोजिम तपसिलको जग्गा प्राप्त गर्न जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ (१) बमोजिम सरोकारवाला व्यक्तिको जानकारीको लागि सूचना प्रकाशन गर्ने मुआब्जा निर्धारण समितिको मिति २०८१/०५/३१ गते निर्णय भएकोले ऐ. ऐनको दफा १० र ११ बमोजिम सरोकारवाला व्यक्तिले मुआब्जा दावी गर्न आफ्नो हकदैया वा भोगचलन सम्बन्धी निस्सा प्रमाण सहित १५ दिन भित्र रीतपूर्वक निवेदन यस कार्यालयमा दिनुहुन सम्बन्धित सरोकारवाला तथा जग्गाधनीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र.सं. | नामथर | ठेगाना | कि.नं. | क्षेत्रफल (विघा–कठ्ठा–धुर) | कै |
|---|---|---|---|---|---|
| १. | द्रौपति अग्रवाल वंशल | साविक दमक-६, हाल दमक न.पा-७ | ३८९ | ०-०-५ (पाँच धुर) | |

**सहायक प्रमुख जिल्ला अधिकारी**

---

**Badimalika Municipality**
**Office of the Municipal Executive**
Martadi, Bajura
Sudurpashchim Provience, Nepal

### Invitation for Sealeed Quotation

Sealed Quotation Number : BMO/SQ//01/081-82
Date of publication: 2081-06-02

Badimalika Municipality invites sealed quotations from registered Suppliers for SUPPLY, DELIVERY AND PROCUREMENT OF MEDICINE UPTO BADIMALIKA MUNICIPALITY OFFICE, MARTADI, BAJURA, for more information visit office website ***www.badimalikamun.gov.np*** or PPMO website ***www.bolpatra.gov.np.***

**Chief Administrative Officer**

---


## युएईमा रोजगार

कम्पनी : AL LAITH PROJECT SERVICES LLC

पुर्व स्वीकृति मिति २०८१/०२/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०१ | LT. No. :305959 | चलानी नं. ६०२२०६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 120 | 0 | 1200 | ३५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. २२७/०५८/५९
JOBS CENTER PVT. LTD.
(My Careers H.R. Solutions Pvt. Ltd.)
Bansbari, Kathmandu, Nepal, Tel: 01-015906752, 015906753, 014375876


---


## (पुन:बिज्ञापन)\यु. ए. ई. मा बैदेशिक रोजगारको अवसर

कम्पनिको नामः B E I Building Contracting LLC | ठेगानाः Dubai, UAE

पूर्व स्विकृती मिति : २०२४/०६/०४, पुन पूर्व स्विकृती मिति : २०२४/०९/१७ | लट नं.: ३०५९०८ | चलानी नं.: ६०२२०५९२

| न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव NRS | न्युनतम योग्यता | ओभर टाइम सुबिधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुबिधा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 13 | 0 | 1200 | 43605 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| 2 | Steel Fixer | 3 | 0 | 1200 | 43605 | | | | | | | | |
| 3 | Shuttering Carpenter | 3 | 0 | 1200 | 43605 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | निःशुल्क | निःशुल्क | रू. ७००, कामदार आफै | निःशुल्क |

अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०२४/०९/२५ तारिक काठमाण्डौ अफिसमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

GOOD LIFE INTERNATIONAL
EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
PO Box: 2118, Kathmandu-32, Koteshwor, Kathmandu, Nepal
Tel: 01-5100669, E-mail: info.goodlifenepal@gmail.com
Lic No.: 17/047/048


---


## कतारमा रोजगार

कम्पनी : AL WATTAN INTERNATIONAL TRADING & CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८१/03/0६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/0६/0१ | LT. No.298470 | चलानी नं.६०२१३३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 2 | 1000 | ३६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1000 | ३६,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com


---


## युएईमा रोजगार

कम्पनी : QASR KERALA PLASTER & TILES CONT.

पूर्व स्वीकृति मिति २०८१/0४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/0६/0१ | LT. No. 308665 | चलानी नं. ६०२२३३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 33 | 0 | 1200 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer | 36 | 0 | 1200 | ४३,९३५ | | | | | | | |
| 3 | Stone Mason | 21 | 0 | 1200 | ४३,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानःगल्फ ट्रेनिङ सेन्टर, बज्रङ, जनकपुर, धनुषामा मितिः २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ।
मुनाल ट्रेनिङ सेन्टर, इटहरी-१, मा मितिः २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ।
नाइल ट्रेनिङ सेन्टर, सिनामंगल, काठमाडौं, मा मितिः २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308


---

**Triyuga Municipality**
**Office of The Municipal Executive**
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

### Invitation For Bid

**IFB No.:-01-TM/UDA/2081/082**
**Date of Publication: 2081-06-02 (2024-09-18)**

1. **Triyuga Municipality Office, Gaighat, Udayapur** invites Online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S.N. | Contract ID | Description & Location of Works | Estimated Amount (without VAT) (NRs.) | Bid Document Fee (NRs. | Bid Security Amount (NRS) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB- WORKS-01/2081-082 | Sagarmatha Raudidas Marga Hudai Raudidas Mandir ko Paschim Uttar Gate Samma ko Sadak Purwadhar Bikash Abam Staronnati, Tri.Na.Pa- 12, Udayapur. | 42,66,092.58 | 3,000.00 | 1,27,000.00 | 90 days/120 days |

**2. Information to deposit the cost of bidding document and bid bond in bank:**

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2081-07-04 (20th Oct. 2024) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2081-07-04 (20th Oct. 2024) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2081-06-23 (09th Oct. 2024) Time: -13:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website *http://www.bolpatra.gov.np/egp*
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## विनाश निम्त्याउने विकास बन्द गर

अव्यवस्थित विकासबाट मुलुकले ठूलो क्षति बेहोरिसकेको छ । विनायोजना विकास निर्माण कार्य अगाडि बढाउने रोग वर्षौं पहिलेदेखिको हो । मुलुकमा व्यवस्था नै फेरिँदा पनि अव्यवस्थित विकास रोकिएको छैन । पछिल्लो समय स्थानीय तहहरू गठन भएपछि झन् यो रोग झाँगिएको छ । विकासका नाममा जथाभावी सडकलगायत पूर्वाधार निर्माण गर्दा वातावरणीय, भौतिक तथा मानवीय क्षतिसमेत बढ्दै गएको छ । प्राकृति विपत्तिलाई बढावा दिने यस्ता विकासलाई 'डोजरे विकास' पनि भन्ने गरिएको छ । यसो भन्नुको कारण सडकको कुनै नापजाच वा इञ्जिनियरिङसहितको योजना नबनाई डोजर अपरेटरले आफूखुसी सडक खन्ने प्रवृत्तिले प्रश्रय पाउनु हो ।

अधिकांश ग्रामीण क्षेत्रमा हेर्ने हो भने यो समस्या जहाँतहीँ देखिन्छ । जनप्रतिनिधिहरूले सडक पूर्वाधार पुऱ्याउने नाममा जथाभावी सडक खन्न लगाएका देखिन्छन् । न कुनै वातावरणीय प्रभाव मूल्यांकन, न इञ्जिनियरिङ नै गर्नुपऱ्यो । लक्षित ठाउँसम्म सडक पुऱ्याउन डोजर अपरेटरलाई जहाँबाट सहज हुन्छ त्यहीबाट बाटो सोझ्याइयो । जसको परिणाम अहिले देखिँदै छ । यसको ज्वलन्त उदाहरणका रूपमा बागलुङलाई लिन सकिन्छ । बागलुङमा अहिले सडक नपुगेको बस्ती नै छैनन् । गाउँ–गाउँसम्म सडक पुगेपछि नागरिकलाई सुविधा त दिएको छ, तर अव्यवस्थितरूपमा निर्माण भएका मोटरबाटोले कयौंलाई उठीबास लगाएको छ । बर्सेनि जिल्लाका १० वटै स्थानीय तहले सडक निर्माणका लागि करोडौं रकम विनियोजन गर्दै आएका छन् । अग्ला–अग्ला पहाडको शिरमा रहेका बस्तीसम्म सडक पुऱ्याउँदा त्यसले पर्यावरणमा पर्ने असरका बारेमा भने कसैको ध्यान पुग्न सकेको छैन ।

स्थानीय तहले हिउँदका समयमा धमाधम सडक निर्माण गर्छन् । बर्खाको समय ती सडक बाढी र पहिरोले बगाउँदा ठूलो क्षति पुऱ्याउँदै आएको छ । गत साउन २२ गते बडिगाड गाउँपालिका–९ र १० का विभिन्न स्थानमा आएको बाढीपहिरोले ११ जनाको निधन भयो । धेरै मानिस घाइते भए । करिब ८० घर विस्थापित हुनुपरेको छ । गाउँमा पहिरो आउनु अव्यवस्थित सडक निर्माण भएको धेरैले आकलन गरेका छन् । बडिगाडमात्र नभएर निसीखोला गाउँपालिका–१ को हुल्दी गाउँ नै सात वर्ष अगाडिदेखि पहिरोको उच्च जोखिममा परेको छ । गाउँको अवस्था नबुझी जथाभावी सडक निर्माण गर्दा पहिरोले सिंगो गाउँले जोखिम मोलेर बस्नुपर्ने अवस्था छ । ढोरपाटन, जैमिनी, गलकोट, बागलुङ नगरपालिका, काठेखोला, तमानखोलासहित सबै पालिकामा यस वर्ष पहिरोले ठूलो क्षति गरेको छ । विनाइञ्जिनियरिङ निर्माण भएका सडकले गाउँघरको सुन्दरतालाई कुरूप बनाउनुका साथै पर्यावरणमा पनि नकारात्मक असर पुऱ्याएको छ । सरकारले करोडौं रकम खर्च गरेर सडक पुऱ्याउने गरेको भए पनि त्यसले फाइदाभन्दा बढी बेफाइदा गरेको देखिन्छ । त्यसैले विनाश निम्त्याउने विकास तत्काल बन्द गरियोस् ।

मनन्योग्य

### चाणक्य नीति

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे ।

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्तातिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

# 'संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत हुनुपर्छ'



सभामुख देवराज घिमिरेले संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत आधारमा व्यवस्थित ढंगबाट अगाडि बढाउनुपर्ने बताएका छन् । उनले संशोधन गर्नुपूर्व संविधान कार्यान्वयन गरिँदा देखिएका कमीकमजोरी के हुन् भन्ने पनि विश्लेषण गरिनुपर्ने औंल्याएका छन् । वि.सं. २०७२ मा 'नेपालको संविधान' जारीपछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको र समग्ररूपमा जनजीवनमा महसुस हुनेगरी उल्लेखनीय सकारात्मक परिवर्तन भइरहेको जिकिर गर्दै उनले राज्यसँग सीमित स्रोतसाधन भए पनि समग्रमा भएका प्रगति धेरै उल्लेखनीय रहेको बताएका छन् । सभामुख घिमिरेले जनताको जीवनस्तर माथि उठेको तथा तिनले आधारभूत स्वास्थ्य सेवा र शिक्षा केही हदसम्म पाएको पनि जनाएका छन् । संविधान दिवस–२०८१ का सन्दर्भमा प्रतिनिधिसभाका सभामुख घिमिरेसँग *रासस*का निमित्त प्रमुख समाचारदाता **नारायणप्रसाद न्यौपाने** र समाचारदाता **कालिका खड्का**ले संविधान संशोधन, कानुन निर्माण र समसामयिक विषयमा केन्द्रित रही लिएको अन्तर्वार्ताको सम्पादित अंशः

**देवराज घिमिरे**, सभामुख, प्रतिनिधिसभा

### संघीय लोकतन्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न प्रतिनिधिसभाले के-कस्तो भूमिका निर्वाह गरिरहेको छ ?

नेपालको संविधान जारी भएको नौ वर्ष भयो । यहाँसम्म आइपुग्दा संसद्का कामलाई प्रभावकारी तुल्याउन प्रयत्न भइरहेको छ । संविधान जारी भएको पहिलो निर्वाचनपछि गठित संसद् कानुन बनाउने कार्यमा मूलभूतरूपमा केन्द्रित भयो । त्यसबेला नै जरुरी परेका कानुन धेरथोर बनाउने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई प्रभावकारी तुल्याउने काम भयो । दोस्रो निर्वाचनपछि पनि थप आवश्यक कानुन बनाउने कार्यमा संसद् अहिले पनि क्रियाशील नै छ । त्यससँगै कानुन कार्यान्वयन कसरी भइरहेको छ, त्यसको अवलोकन गर्ने तथा कार्यान्वयनका लागि आवश्यक बहस र छलफल गरी सरकारलाई सल्लाह, सुझाव र निर्देशन दिने काममा अलि बढी ध्यान केन्द्रित भएका छौं ।

### राजनीतिक फेरबदलले यसबीचमा संसद्को नियमित कार्यमा केही असर पऱ्यो कि ?

यसबीचमा परिस्थिति अलि भिन्न ढंगबाट विकास भएर आयो । संघीय संसद्को बनावट आफैंमा एउटा दलको मात्र बहुमत र सरकार बन्नसक्ने अवस्थाको छैन । स-साना दल मिलेर सरकार बने । त्यस्ता सरकार पनि छोटो समयमै फेरबदल भइरह्यो । यसले संसद्का नियमित गतिविधिलाई केही न केही प्रभाव पार्दोरहेछ, गऱ्यो पनि । प्रदेशमा पनि त्यसको असर गम्भीररूपबाट देखापऱ्यो । सबैजसो प्रदेशमा सरकार बन्ने तथा निरन्तर र नियमित संसद् बैठक चल्ने एवं यसप्रति उत्तरदायी भएर काम गर्ने, बनेका कानुन कार्यान्वयन गर्ने र परिणाम दिनेमा समस्या देखियो ।

केन्द्रमा पनि अपेक्षाकृत रूपबाट दोस्रो संसद्ले पनि काम गर्न सकेन । करिब दुई वर्ष यस अवधिमा संसद्ले अति गति लिनुपर्थ्यो तर यसको भूमिका र संविधान कार्यान्वयनको पाटो प्रभावकारी भएन तथा संविधान र संसद्को लोकप्रियता घट्यो भन्ने ढंगको टीकाटिप्पणी हुनु पनि आवश्यक छैन । बरू जनताका भावना सांसद्मार्फत प्रत्यक्ष आउने कुरा अझ मुखरित गरिएको छ । तलका आवश्यकता र जनताका भनाइ के छन् भन्ने कुरा देशको कार्यकारी प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर तथा सामूहिक विषयमा बहस र छलफल चलाउने कार्यबाट सजीव, प्रभावकारी र नियमित ढंगबाट प्राप्त भइरहेको छ । त्यस्तै जरुरी परेका विधेयकमाथि प्राथमिकताका साथ छलफल गरी समयसीमाभित्र टुंग्याउने कार्यमा अहिले संसद् केन्द्रित छ । यसलाई नियमित ढंगबाट सञ्चालन गर्न 'क्यालेण्डर' बनाएर कार्यसूचीका आधारमा जान प्रयत्न भइरहेको छ ।

### एकातिर नेपालको संविधान कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका अझै केही ऐन बनाउनुपर्ने छ भने अर्कातर्फ बनेका कानुन कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?

कुन कानुन, कुन क्षेत्रमा बनेन र कुन कानुनको अभाव भयो वा कुनै क्षेत्रमा काम भएन भन्ने कुरा मूर्तरूपमा आएको छैन । बरु यसलाई नकारात्मक सोचबाट प्रचार गर्न खोजिएको छ । संविधानसम्मत कानुन पहिलो निर्वाचनपछिको संसद्बाट बनिसकेको छ । कतिपय कानुनमा पुराना प्रावधान, भनाइ र शब्दावली मिलाउनुपर्ने छ ।

खासगरी संघीयता कार्यान्वयनसँग जोडिएका संघीय निजामती सेवा ऐन परिवर्तित सन्दर्भमा समयसीमाभित्र आउनुपर्थ्यो, त्यो अहिले पनि आउन सकेको छैन । त्यसबाट देशका कर्मचारी कोप्रति उत्तरदायी हुने, खासगरी प्रदेश र स्थानीय तहमा कसरी उनीहरूले काम गर्ने भन्ने थोरै समस्या देखिएको छ । त्यसलाई प्राथमिकताका साथ पेस गर्नुपर्छ भनी संसद्ले कोसिस गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्रीलाई यसमा संसद्ले प्रेरित र सहयोग गऱ्यो । परिणामस्वरूप अहिले संसद्मा पेस भएको छ । यसलाई प्राथमिकताका साथ दफावार छलफल गरी टुंग्याउन समितिमा पठाइएको छ । संसद्को अहिले चलिरहेको अधिवेशनमा बढी समय यसमा बिताउनुपरेको छ । त्यसमा पनि कतिपय बजेटसँग सम्बन्धित कानुनलाई प्राथमिकताका साथ तुरुन्त पारित गर्नुपरेको छ । त्यसले पनि निजामती सेवालगायत विधेयक अघि बढाउन केही ढिला भएको छ, अब छिटो टुंग्याउने गरी जानुपर्छ ।

अर्को विद्यालय शिक्षा विधेयक छ । संविधानअनुरूप तलका निकायले शिक्षालाई कसरी व्यवस्थित गर्ने भन्ने विषय छ । प्रदेश र स्थानीय तहमा उठेको विषय र शिक्षासँग जोडिएको विधेयक महत्त्वपूर्ण छ । यसलाई पनि प्राथमिकताका साथ अघि बढाएर टुंग्याउनुपर्छ । यसैसँग गाँसिएको प्रहरी समायोजन कसरी गर्ने भन्ने छ । समायोजनसँग सम्बन्धित भई विधेयकलाई पनि निष्कर्षमा पुऱ्याउन अहिलेको सरकार सञ्चालनमा आइरहेका फेरबदलले पनि केही ढिलाइ गऱ्यो । संसद्को यसमा आवश्यक ध्यान पुगेको छ र सरकारसँग छलफल र कुराकानी भइरहेको छ । यस अधिवेशनमै ती विधेयक ल्याउन सरकारले प्रयत्न गरिरहे पनि सदनमा प्रवेश भने पाएको छैन । सरकारको प्रयासप्रति संसद्को ध्यानाकर्षण भइरहेको छ । संविधान कार्यान्वयनसँग जोडिएका विधेयकलाई अब समयभित्रै परिणाम देखिनेगरी टुंग्याऔं भन्ने छ । महत्त्वपूर्ण विधेयक आउने क्रममा छ ।

### संसद्मा प्रतिनिधित्व गर्ने ठूला दलको स्पष्ट बहुमत प्राप्त सरकार छ, विधेयकहरू छिटो अघि बढाउने सन्दर्भमा संसद् स्वयंले के-कस्तो कार्यतालिका बनाएको छ ?

हो, संसद्ले कार्यतालिका बनाएको छ, विधेयकलाई यसरी छिटो लैजानुपर्छ भनी छलफलको सुरुआत गराएको छ । समयमै यसलाई प्राथमिकताका साथ समितिमा पुऱ्याइएको छ । त्यहाँ बहस र छलफल भइरहेको छ । असार मसान्तभित्रमै बजेट पारित गर्नुपर्ने र त्यससँग आश्रित विधेयक पास गरी कानुन बनाउनुपर्नेतर्फ ध्यान र समय खर्चनुपऱ्यो । अब भने ती महत्त्वपूर्ण विषयसँग सम्बन्धित विधेयकमा केन्द्रित भएका छौं । नतिजा निकाल्न 'क्यालेण्डर' बनाएर कोसिस गरिरहेका छौं । समितिलाई तलसम्मको राय-परामर्श, आवश्यक बहस, छलफल र अवलोकनसमेत गरी त्यसमा लाग्नूस् भनिएको छ । मिल्दाजुल्दा प्रणाली अवलम्बन गरेका मुलुकको अभ्याससमेत बुझ्नुपर्ने आवश्यकता छ । यसरी विधेयक सिलसिलेवार ढंगबाट लैजानुपर्छ भनी कार्ययोजना बनाएर अघि बढाउने काम भइरहेको छ ।

### सुदृढ संसदीय व्यवस्था भएका मुलुकमा धेरैजसो सांसदका तर्फबाट गैरसरकारी विधेयक संसद्मा पेस गर्ने अभ्यास देखिन्छ, संसद्को अभिभावक भएका हिसाबले यसमा यहाँले केही सोच्नुभएको छ ?

जरुर । परम्परागत ढंगबाट ४०० वर्षसम्म संसदीय अभ्यास गरेका, २०० वर्षदेखि प्रयास गरेका मुलुकका तुलनामा हामीले करिब एक दशकका बीचमा यी क्षेत्रमा धेरै सोचिरहेका र प्रगति गरिरहेका छौं । निजी क्षेत्रबाट आउने 'प्राइभेट बिल' वा सरकारले ल्याउने सरकारी विधेयकबीचमा तादात्म्य मिलाउनुपर्ने छ । विधेयक भन्नासाथ व्ययभारको कुरा स्वाभाविक आउँछ । राज्यलाई व्ययभार कति पर्छ, कहाँबाट पूरा गर्छौं, हाम्रो स्थिति के छ, त्यसले राष्ट्रिय आम्दानीमा कति फाइदा गर्छ भनी लेखाजोखा गरिनुपर्छ । यी सबै सरकारसँग गाँसिएको विषय भएकाले तादात्म्य मिलाउन र सल्लाह गर्नुपर्ने जरुरी छ । अर्कातर्फ यस अवधिमा निजी क्षेत्रका तर्फबाट बिल भटाभट ल्याउनसक्ने सांसदका क्षमता र व्यावहारिकता पनि हेर्नुपर्छ ।

### नेपाली जनताले पहिलोपटक आफैंले लेखेको संविधान बनेपछि प्रत्यक्ष रूपमा के-के लाभ प्राप्त गरे त ?

जनप्रतिनिधिमार्फत हाम्रा माग राज्यले सम्बोधन गर्छ, चाहनालाई प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयनमा लान सकिन्छ, स्थानीय तहमार्फत न्याय-निसाफ निरूपण हुन्छ । प्रादेशिक अवस्थाका आधारबाट ऐन, कानुन र नीति निर्माण गरी प्रत्यक्ष सरकारको महसुस गर्छौं भन्ने जनतामा अनुभूति भएको छ । तथापि केही ठाउँमा भइरहेका विकृति र गलत अभ्यास, न्याय निरूपण गर्ने सन्दर्भमा भएका कतिपय पक्षपात, समयमा योजना पूरा गरेर प्रतिफल पाउने कार्यमा भएका कमजोरीलाई लिएर अलि बढी नै प्रचार भइरहेको छ । यदि यस प्रणालीअन्तर्गत खासगरी संविधानका मातहतबाट गरिएका यी काम नभएको भए राज्यबाट जनताले 'डेलिभरी' प्राप्त गर्न सम्भव थिएन ।

योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम विभिन्न ठाउँमा स्थानीय तहले नै अपनाउन पुगेका छन् । उदाहरणका लागि मकवानपुरको भीमफेदी गाउँपालिकामा भारी बोकेर जीवन निर्वाह गर्नेहरू सामाजिक सुरक्षा कोषमा समेटिएको अवस्था छ । यस तरिकाबाट भविष्य सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन भएको छ । हामीले यसखाले संरचना र व्यवस्था तल कायम गरेका हुँदैनथ्यौं भने त्यहाँका जनता केन्द्रको नीति र कार्यक्रमबाट के प्राप्त हुन्छ भनेर पर्खेर बस्नुपर्थ्यो । अहिले ठाउँका विशेषताका आधारमा जनहितका विभिन्न कार्यक्रम अघि बढिरहे पनि कमीकमजोरी नै बढी प्रचारित छ ।

संविधान कार्यान्वयन गर्ने सन्दर्भमा कतिपय कानुन र कर्मचारीको अभाव छ, कर्मचारीको वृत्तिविकास र ती कोप्रति उत्तरदायी हुने भन्ने विषय स्पष्ट छैन । त्यस्तै शिक्षा सञ्चालन गर्ने, तदनुकूल पाठक्रम तयारी गर्ने र काम लगाउने विषयको अभाव छ । आधारभूत सेवा प्रवाह गर्ने कुरामा निकायहरू लागिरहेकाले परिणाम जनताका जीवनमा सकारात्मक नतिजा आएको छ जुन ठूलो उपलब्धि हो ।

तलका जनताले प्रत्यक्ष के पाइहेका छन्, तिनको जीवनस्तर माथि उठ्यो कि उठेन, आधारभूत शिक्षा र स्वास्थ्य सेवा पाए/पाएनन् भन्ने दृष्टिबाट हेर्दा तुलनात्मक र समग्र रूपमा भएका प्रगति उल्लेखनीय छन् । सुधार्ने धेरै ठाउँ छ, यसलाई मसिनो गरी हेर्ने, देख्ने र बुझ्ने तथा महसुस गर्ने र प्रचार गर्ने कुराको अझै अभाव छ ।

### राजनीतिक दल सत्ता प्राप्तितिर नै केन्द्रित भए, जनताले "सर्भिस डेलिभरी" पाएनन् भन्ने गुनासो पनि छ नि ?

सरकारप्रति मात्रै राजनीतिक दल लागे भन्ने कुरा मिल्दो छैन । अहिले म यो वा त्यो गरिदिन्छु भनेर कोही चुनाव प्रसार र भोट माग्दै हिँडेका छन् र ? फेरबदलको जहाँसम्म कुरा छ, बहुमतका लागि एउटा दलको मात्र सांसद संख्या नपुगेपछि, दलबीच कुरा नमिलेपछि, सहमति नभएपछि, हिजो सहमति भएका विषयमा पनि असहमति भएपछि परिवर्तन हुन्छ नै । यसलाई दलहरू सरकार परिवर्तनमा मात्रै लागे भन्ने अर्थमा बुझ्नुहुँदैन ।

सरकार सञ्चालनमा नीतिगत, व्यावहारिक एकता हुनुपर्छ । स्थिर सरकारका अभावमा एउटा सरकारले एउटा नीति र कार्ययोजना तयार गरिरहेकै अवस्थामा सरकार परिवर्तन हुनसक्छ । जुन जनमत प्राप्त गरेर बनेको संसद् हो, त्यसप्रति उत्तरदायी हुनुपर्ने सरकार अघि बढ्न नसकेपछि अर्को सरकार त त्यहीँ भित्रबाट बन्ने हो नि ! उसका योजना कार्यान्वयन हुन नपाउँदै नयाँ सरकार आउने परिस्थिति बन्यो । यो कार्यकालमै पनि तीन-चारपटक परिवर्तन भइसकेको छ । अनि यसले जसरी परिणाम दिनुपर्थ्यो, त्यो सकेको अवस्था छैन । तथापि 'मलाई मतदान गर्नूस्, मेरो कार्यक्रम यो छ' भनेर अहिले दलहरू गए भनेमात्र ती सरकार बनाउन लागिरहे भनी आलोचना गर्दा उचित हुन्छ ।

अहिले त्यो स्थिति होइन, भइरहेकै अवस्थाबाट अघि बढ्ने हो । कतिपय नीति तथा कार्यक्रम र बजेटले नै पनि निरन्तरता पाएकै छ । आव २०८१/८२ को बजेट ल्याउँदा एउटा सरकार थियो, असार मसान्तसम्म आइपुग्दा नयाँ सरकार गठनको परिस्थिति बन्यो । एउटाले नीति र कार्यक्रम पेस गऱ्यो, अर्को सरकारले निरन्तरता दिइरहेको छ । सरकार फेरबदल भए पनि कतिपय नीति र कार्यक्रम वा बजेटजस्ता आधारभूत विषयलाई निरन्तरता दिने बाध्यता र अवस्था छ । यद्यपि स्थिर सरकारले जनतालाई दिने 'डेलिभरी' बारे मात्र मूल्यांकन गर्न सजिलो हुन्छ ।

### यस अवधिमा राजनीतिक विकास र स्थायित्(वको पक्षलाई कसरी अघि बढाइयो ? त्यसमा यहाँका केही सुझाव पनि छन् कि ?

राजनीतिक दलको उपस्थिति संसद्मा जे-जसरी भयो, त्यसमा सम्भव भएसम्म अलि फराकिलो ढंगबाट हिँड्नुपर्ने थियो । सरकारलाई टिकाउ बनाएर लैजान नयाँ गठबन्धन बनेको छ, नतिजा हेर्न बाँकी नै छ । यो हाम्रो अस्थिरता र निरन्तरताले ल्याएका समस्या हुन् । यसको अन्त्य गर्दै सेवा प्रवाहलाई चुस्त तुल्याउनुपर्छ । विकास निर्माणलाई परिणाममुखी बनाएर लैजानुपर्छ भन्ने कुराको महसुस गरेर नै अहिले ठूला दल मिलेर सरकार बन्यो । यसबाट तुलनात्मक ढंगबाट राजनीतिक स्थिरता हुन्छ । अब परिणाम दिनेगरी अघि जानुपर्छ ।

### नयाँ सरकार गठनको पृष्ठभूमि संविधान संशोधनसँग पनि जोडिएको छ, यसलाई कसरी हेर्नुभएको छ ?

संविधान कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका अप्ठ्यारा हटाउन संशोधन जरुरी र स्वाभाविक हो । तर, अहिले नै कुन-कुन विषयले संविधान कार्यान्वयनमा असजिलो देखापऱ्यो र त्यसमा के-के कुरा संशोधन गर्नुपर्छ भन्ने तहमा बहस र छलफल विधिवत् ढंगबाट अगाडि आइसकेको छैन । तर, यसबीचमा संविधान जति कार्यान्वयन गरियो, त्यस सन्दर्भमा संशोधन गरेर जाँदा राम्रो हुने पक्ष पनि छन् । संशोधनमा पक्ष र विपक्षभन्दा पनि यथार्थ के हो, कार्यान्वयनमा जाँदा अप्ठ्यारो देखापरेका के हुन्, त्यस अनुभवका आधारमा सौहार्द्र र विधिवत् ढंगबाट विषय प्रवेश गर्ने, विषयको छनोट गर्ने, बहस र छलफल गर्ने, कसलाई सजिलो वा अप्ठ्यारो तथा जित वा हार नभई व्यावहारिकरूपमा के कुराले अप्ठ्यारो भयो, संविधानका कुन-कुन धारा, उपधाराले समस्या भयो भनी छलफल गर्ने वातावरण बन्दै आएको छ । हिजो संसद्मा सहमति र समझदारीको स्थिति नहुँदा जरुरी कुरा पनि सम्भव थिएन, अहिले सम्भव देखिएको छ । अहिले नै यो-यो गर्न सरकार बनेको हो भने जसरी बाहिर विषय आएका छन्, त्यो भने अलि सतही हो ।

### महत्वपूर्ण विधेयक छलफल भइरहेका बेला विगतमा परामर्शको पक्ष बेवास्ता गरी अचानक सदनको अधिवेशन अन्त्य गरियो भन्ने आरोप पनि सुनिएको छ नि ?

विधेयक त संसद्ले बनाउँछ तर चाहिएको त सरकारलाई नै हो नि ! त्यसैले अचानक बन्द गर्ने, चाहिँदा खोल्ने र फेरि बन्द गर्ने भनेकै विधेयकको आवश्यकतानुसार हो । अचानकभन्दा पनि उसको आवश्यकता कस्तो छ, त्यसका आधारमा विगतमा गरिएको भन्ने बुझेको छु, अहिले पनि त्यही होला भन्ने लाग्छ ।

### संविधान दिवसका अवसरमा नेपाली जनताल(ाई यहाँको केही सन्देश छ त ?

हामीले ठूलो मिहेनत र मूल्य चुकाएर लामो संघर्षमार्फत संविधानसभाबाट संविधान ल्याएका छौं । अहिले संविधान संशोधनको कुरा चलिरहँदा त्यसलाई मनोगत ढंगबाट नभई वस्तुगत आधारमा व्यवस्थित ढंगबाट लैजानुपर्छ । संविधान कार्यान्वयन गरिँदा देखिएका कमीकमजोरीमा ध्यान दिनुपर्छ । लोकतान्त्रिक गणतन्त्रात्मक संविधानलाई जनताका हितमा प्रयोग गर्न सबै राजनीतिककर्मी खासगरी दल, नेतृत्वमा रहेका नेताहरूलाई नवौं संविधान दिवसले प्रेरणा देओस् । यसबीचको अनुभवले माग गरेको कुरा पूरा गर्दै आगामी दिनमा संविधानलाई प्रभावकारी ढंगबाट व्यवहारमा प्रयोग गरियोस् । यो अझ प्रभावकारी बन्न सकोस् । संविधानलाई सदा-सदा कार्यान्वयन गर्न सक्ने एउटा अझै महत्त्वपूर्ण दस्तावेजका रूपमा लिन सकियोस् । सबैलाई शुभकामना छ ।



**बूढी पोल्ने पर्व** | बैतडीको दोगडाकेदार गाउँपालिका–३ श्रीकोटका बालबालिका बूढी पोल्ने पर्वमा सहभागी हुन जाँदै । बैतडीसहित सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरूमा मंगलबार बूढी पोल्ने पर्व धुमधामसँग मनाइएको छ । विजय उत्सवको रूपमा मनाइने यो पर्वमा बूढी अर्थात् राक्षसी पुतलालाई पोल्ने गरिन्छ । *तस्बिरः विनोदसिंह विष्ट/रासस*

### स्थानीय तहमा आधारभूत अस्पताल

# कतै भवन बन्यो, कतै सुरु नै भएन

■ केदार मगर

**खोटाङ–** नेपाल सरकारको नीतिअनुसार चार वर्षअघि जिल्लाका दशमध्ये छ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्नेगरी शिलान्यास गरिएको थियो । हलेसी तुवाचुङ नगरपालिका तथा जन्तेढुंगा, केपिलासगढी, ऐसेलुखर्क, रावाबेँसी र साकेला गाउँपालिकामा एकैसाथ आधारभूत अस्पताल निर्माणको काम थालिएको हो ।

हलेसी तुवाचुङ नगरपालिका, जन्तेढुंगा, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा १५/१५ शयचा तथा रावाबेँसी गाउँपालिकामा १० र साकेला गाउँपालिकामा पाँच शयचाको अस्पताल शिलान्यास गरिएको थियो । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले निर्धारण गरेको कार्यक्रमअनुसार २०७७ मंसिर १५ गते जिल्लाका चार स्थानीय तहमा एकैदिन अस्पताल शिलान्यास गरिएको हो ।

हलेसी तुवाचुङ नगरपालिका तथा जन्तेढुंगा, केपिलासगढी र ऐसेलुखर्क गाउँपालिकामा मंसिर १५ गते तथा केपिलासगढीमा मंसिर २३ गते शिलान्यास गरिएको थियो । साकेला गाउँपालिकामा निर्माण गरिने अस्पताल विनाशिलान्यास काम सुरु गरिएको थियो । साकेला गाउँपालिकामा सञ्चालित कुनै पनि योजना औपचारिक शिलान्यास तथा उद्घाटन नगर्ने तत्कालीन गाउँपालिका प्रमुख अर्जुनकुमार खड्का 'झंकार'को अठोटअनुसार विनाशिलान्यास काम सुरु गरिएको हो ।

नेकपा एमालेका पोटिब्युरो सदस्य विशाल भट्टराईले प्रतिनिधिसभा सदस्य एवं प्रमुख सचेतक रहेको समयमा हलेसी तुवाचुङ नगरपालिका र रावाबेँसी गाउँपालिकामा शिलान्यास गरेका थिए । नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य रामकुमार राईले तत्कालीन १ नं प्रदेश सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री भएको समयमा जन्तेढुंगा गाउँपालिका तथा नेकपा एकीकृत समाजवादीका पोलिटब्युरो सदस्य राजन राईले तत्कालीन १ नं प्रदेश सरकारको सामाजिक विकासमन्त्री भएको समयमा ऐसेलुखर्क गाउँपालिकामा शिलान्यास गरेका हुन् ।

सबै स्थानीय तहमा शिलान्यास गरिएको कार्यक्रममा सम्बन्धित स्थानीय तहका प्रमुख तथा उपप्रमुखका साथै तत्कालीन नेकपाका जिल्ला तथा केन्द्रीयस्तरका नेताको उपस्थिति रहेको थियो । आफूले शिलान्यास गरेको अस्पताल भवन निर्माणका योजनाको काम अगाडि बढ्यो या बढेन अहिलेसम्म प्रमुख अतिथि भएर शिलान्यास गर्ने नेताहरूलाई जानकारी छैन । ऐसेलुखर्कमा निर्माणाधीन १५ शयचाको अस्पतालका लागि स्वास्थ्य मन्त्रालयले १८ करोड रूपैयाँ बजेट उपलब्ध गराए पनि २० करोड रूपैयाँको डिपिआर तयार भएको गाउँपालिकाले जनाएको छ । ऐसेलुखर्क बजारमा निर्माणाधीन अस्पताल भवनको काम अन्तिम चरणमा पुगेको गाउँपालिका प्रमुख गिरेन्द्रबहादुर राईले जानकारी दिए ।

हलेसी तुवाचुङ नगरपालिकामा निर्माण गरिने अस्पतालका लागि २०७७ असारमा ठेक्का आह्वान गरिए पनि भदौ २९ गतेमात्र ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । नगरपालिकाले २३ करोड रूपैयाँमा ठेक्का आह्वान गरे ठेकेदार कम्पनी नमूना हिमालयन जेभी विराटनगरले भ्याटसहित १३ करोड ५५ लाख नौ हजार रूपैयाँमा सम्झौता गरेर निर्माणको काम सुरु गरेको थियो ।

अस्पताल भवन निर्माण सुरु गरेको योजनाको चार करोड ११ लाख २८ हजार रूपैयाँ भुक्तानी भएपछि ठेकेदार कम्पनीले अलपत्र पारेको नगर प्रवक्ता एवं वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिए । भूगोलका कारण डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था आएको तर, उक्त डिजाइन मन्त्रालयले स्वीकृति गर्न ढिलाइ गरेकाले अस्पताल भवन अलपत्र परेको ठेकेदार कम्पनीले जनाएको छ ।

केपिलासगढी गाउँपालिकामा निर्माणाधीन १५ शयचाको अस्पताल विवस कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालिले ठेक्का पारेको छ । १८ करोड २५ लाख रूपैयाँमा ठेक्का आह्वान गरिएको १५ शयचाको अस्पतालका लागि गाउँपालिकाले १२ लाख ५० हजार रूपैयाँमा ठेकेदार कम्पनीसँग ठेक्का सम्झौता गरेको हो ।

निर्माणाधीन अस्पताल भवनको काम ७० प्रतिशत सम्पन्न भएको गाउँपालिका प्रमुख समिर राईले जानकारी दिए । 'निर्माणाधीन अस्पताल भवनमा स्ट्रक्चरको काम सम्पन्न भएको छ । अहिले वर्षात्को समय भएकाले काम रोकिएको छ,' उनले भने, 'अस्पताल भवनका लागि ठेकेदार कम्पनीसँग गरिएको सम्झौता आगामी असोजसम्म छ । त्यो समयभित्र सकिने अवस्था छैन । पुनः म्याद थप गर्ने तयारी भइरहेको छ ।'

कूल १८ करोड छ लाख ८२ हजार रूपैयाँको सीमाभित्र रहेर आगामी दुई वर्षभित्र निर्माण गरिसक्नुपर्ने जन्तेढुंगा गाउँपालिका–२ चिसापानीमा निर्माण सुरू गरिएको १५ शयचाको अस्पतालको ठेक्का ड्रागन-रियर जेभीले लिएको छ । तर, सो निर्माण कम्पनीले अस्पतालको काम सिद्धगढी निर्माण कम्पनीलाई सुम्पिएर काम सुरू गरेको भए पनि अपेक्षाकृत प्रगति नभएको गाउँपालिकाले जनाएको छ ।

महादेव-खिम्ती-अञ्जना-रुजन जेभीले निर्माणको जिम्मा लिएको रावाबेँसी गाउँपालिकामा निर्माण हुने १० शयचाको अस्पताल अहिले घडेरी सम्याउने काममात्र पूरा भएको पाइएको छ । भ्याटबाहेक छ करोड ७० लाख रूपैयाँ लागतमा सम्पन्न गर्नेगरी सम्झौता गरिएको अस्पताल भवनको काम अहिलेसम्म अलपत्र अवस्थामा छ ।

उता साकेला गाउँपालिका–२ रतन्छामा भ्याटसहित छ करोड ७६ लाख ७६ हजार रूपैयाँमा पाँच शयचाको अस्पताल भवन निर्माणको काम भने गत वैशाखमै सम्पन्न भएको छ । खानी निर्माण सेवा बानेश्वर काठमाडौंले निर्माणको जिम्मा लिएको अस्पतालको भवन निर्माणको काम तोकिएको मितिभन्दा छ महिनाअघि नै निर्माण सम्पन्न गरेर भुक्तानीसमेत लिइसकिएको ठेकेदार कम्पनीका प्रतिनिधि दिलचक्र राईले जानकारी दिए ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा वर्ष दिनपछि थप तीन स्थानीय तहमा अस्पताल निर्माणको योजना स्वीकृत भएको थियो । हरेक स्थानीय तहमा कम्तीमा पाँच शयचाको अस्पताल निर्माण गर्ने सरकारको नीतिअनुसार बराहपोखरी, दिप्रुङ चुइचुम्मा र खोटेहाङ गाउँपालिकामा वि.सं. २०७८ सालमा योजना परेको हो ।

तीन वर्षअघि योजना स्वीकृत भएका तीनवटै स्थानीय तहको काम अहिलेसम्म अगाडि बढेको छैन । तीनवटै स्थानीयमा निर्माण गर्ने भनिएको अस्पतालका लागि जग्गा व्यवस्थापन गरेर घडेरी सम्याउनेबाहेक अन्य काम भएको छैन । अस्पताल भवन निर्माणका लागि मन्त्रालयले स्वीकृति दिए पनि बजेटको व्यवस्था नगर्दा निर्माणको काम अगाडि बढाउन नसकिएको बराहपोखरी गाउँपालिका प्रमुख शालिकराम बञ्जराले बताए । 'गाउँपालिकाको बजेटले अस्पताल भवन निर्माण गर्न सकिने अवस्था छैन । जग्गाको व्यवस्था गरेर डिपिआर निर्माण लगायतका सम्पूर्ण काम सम्पन्न गरेर मन्त्रालयमा बुझाएका छौं,' उनले भने, 'योजना स्वीकृत भएको तीन वर्ष बित्यो । मन्त्रालयले बजेट उपलब्ध नगराउँदा समस्या सिर्जना भएको छ ।'

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको केन्द्र तथा जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारमा यसअघि नै १५ शयचाको सरकारी जिल्ला अस्पताल सञ्चालनमा थियो । २०४९ वैशाख १ गते १५ शयचामा स्थापना गरेर सञ्चालन गरिएको जिल्ला अस्पताललाई अहिले ५० शयचामा स्तरोन्नति गर्ने काम भइरहेको छ । *रासस*


## Gaurishankar Rural Municipality
## Office of the Rural Municipal Executive
Suri-05, Dolakha
Bagmati Province, Nepal

**Invitation for Bids (e-Procurement)**

**Notice Publication date :- 2081-06-02**

Gaurishankar Rural Municipality invites electronic bids from eligible bidders for the procurement of items mentioned below. Interested & eligible bidders shall participate in this bidding process through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2081-07-06. For more details please visit PPMO website.

| IFB No/ Notice No.:- | Description of work | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Bid Security Validity Period |
|---|---|---|---|---|
| 01/GRM/NCB/GOODS/2081-82 | Supply & Installation of furniture for Gaurishankar Rural Municipality. | 1,10,000.00 | 3,000.00 | 120 days |

*Chief Administrative Officer*


# पैगम्बर मोहम्मदको जन्मजयन्तीमा शान्तिर्‍याली

**तनहुँ (प्रस)–** मुस्लिम धर्मालम्बीहरूको पैगम्बर मोहम्मदको १४९९औं जन्मोत्सवको अवसरमा मंगलबार दमौलीमा शान्तिर्‍याली निकालिएको छ । दमौली मुस्लिम अञ्जुमन कमिटीको आयोजनामा नुरी हन्फी जामे मस्जिदबाट सुरु भएको शान्तिर्‍याली दमौली बजार परिक्रमा गरी पुनः मस्जिदमा आएर टुंगिएको थियो ।

मुस्लिम समुदायको सन्देस्टाका रूपमा पैगम्बर मोहम्मदलाई मान्ने गरिएको कमिटीका सचिव मन्सुर अहमदले जानकारी दिए । जन्मोत्सवको अवसरमा सोमबारदेखि विविध कार्यक्रम गरिएको उनले बताए । पैगम्बर मोहम्मदको जन्म साउदी अरबको मक्कामा भएको र पछि साउदी अरबको मदिना गएको इतिहास छ । पैगम्बर जन्मेको ५३ वर्षपछि इस्लामिक पात्रो (हिजरी संवत) सुरू भएको हो ।

जगतको सृष्टिदेखि पवित्रस्थलमा रहेको मक्का मदिना पहिले सबै धर्मावलम्बीले पूजा आराधना गर्ने तीर्थस्थल थियो । मोहम्मदले उपदेश दिने क्रममा यहीँ कुरान अवतरित भएको विश्वास मुस्लिम समुदायको छ । कुरान अवतरित भएपछि यहाँ अन्य धर्मावलम्बी कम गएको विश्वास छ । त्यसपछि इस्लाम धर्मावलम्बीको मुख्य तीर्थस्थलका रूपमा मान्न थालिएको हो । यसअघि जेरुसेलमलाई इस्लाम धर्मावलम्बीको मुख्य तीर्थस्थल मानिन्थ्यो । यसैकारण इस्लाम धर्मावलम्बीले जीवनमा एकपटक मक्का मदिनामा गएर हज गर्न चाहन्छन् । इस्लाम धर्ममा महत्त्वपूर्ण योगदान गरेकाले पैगम्बर मोहम्मदको उपदेशलाई मुस्लिम समुदायले हरेक वर्ष सम्झने गर्छन् ।


## दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

प्रकाशित मिति : २०८१/०६/०२

दमक नगरपालिकाबाट प्रकाशित बोलपत्र सूचना Supply Delivery and Installation of CCTV in Community School of Damak Municipality २०८०-८१ IFB no: DMO/JHAPA/SCHOOL/CCTV/2081-82 बमोजिम पर्न आएका बोलपत्रहरूका सम्बन्धमा दमक नगरपालिकाको २०८१/६/१ गतेको निर्णयानुसार देहायको बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | फर्मको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|
| १ | श्री आर एस कम्प्युटर | रू २८,१२,३४४ |

प्रमुख प्रशासकिय अधिकृत



## MAURITIUS मा रोजगार
कम्पनी : SUPER CONSTRUCTION CO LTD

पूर्व स्वीकृति मिति : २०८०/१२/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०१ LT. No.: 303131 चलानी नं.: ६०२१८०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 60 | 0 | 16665 | ४७,९०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason Grade II | 120 | 0 | 16665 | ४७,९०० | | | | | | | |
| 3 | Steel fixer grade II | 20 | 0 | 16665 | ४७,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD. Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## साउदीमा रोजगार
कम्पनी : Zahraa Oshman Ali Asiri Honey Foundation
शहर : Saudi Arabia,Abha

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ LT. No.310880 चलानी नं. ६०२२५४२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४
EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



## कतारमा रोजगार
कम्पनी : SAIF TWO CONTRACTING

पूर्व स्वीकृति मिति २०८१/०५/२५ LT. No. 310495 चलानी नं.६०२२५१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 2 | 0 | 1000 | ३६,७६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५५,४१५ | | | | | | | |
| 3 | Cashier | 2 | 0 | 1500 | ५५,४१५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९१,९१० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 2 | 1000 | ३६,७६५ | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1000 | ३६,७६५ | | | | | | | |
| 7 | Sales Men | 1 | 0 | 1500 | ५५,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenhill श्रम ईजाजत नं. 1536/078/79
GREEN HILL OVERSEAS PVT. LTD.
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815, 9803828661, Email:greenhilloverseas5@gmail.com



## साउदीमा रोजगार
कम्पनी : Madar International Transport Corporation
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/२८ LT. No. 310808 चलानी नं.६०२२५३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver With Long- Trailer | 3 | 0 | 1800 | ६४,६०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## कतारमा रोजगार
कम्पनी : PATISSERIE SUISEE

पूर्व स्वीकृति मिति : २०८०/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०१ LT. No. 297215 चलानी नं.६०२१२१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 0 | 2 | 1400 | ५०,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD. श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

# प्रभाव दैनिक

बुधबार, ०२ असोज २०८१ (Wednesday, September 18, 2024)





### 'ममी'को छायांकन सुरू

सो ट्वान्टीफाईभ ब्यानरमा निर्माण हुने हरर जनराको फिल्म 'ममी'को छायाँकन सुरू गरिएको छ । राष्ट्रिय चलचित्र दिवस र विश्वकर्मा पूजाको अवसर पारेर उपकरणलाई पूजा गर्दै चलचित्र छायाँकन सुरूवात गरिएको हो । पूर्णिमा जोशी र समर निरौलाको संयुक्त लेखन रहेको चलचित्रलाई लोकराज जोशी र पूर्णिमा जोशीले निर्माण गरेका हुन् । चलचित्रका निर्देशक समर निरौला हुन् । प्रियंका कार्की, सुलक्षण भारती र दीया मास्केको मुख्य भूमिका रहेको चलचित्रमा समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गुराँस ढकाल, रिना ढकाल लगायत कलाकारहरूको अभिनय रहेको छ ।



## 'प्यारो मान्छे'मा आर्यन र सुनिताको रोमान्स

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली सांगीतिक बजारमा प्रेमिल भावको नयाँ आधुनिक गीत 'प्यारो मान्छे' सार्वजनिक भएको छ । गायक किरण भुजेल र आश्मा विश्वकर्माको स्वरमा सार्वजनिक भएको 'प्यारो मान्छे'को शब्द भने सन्दीप खनालको रहेको छ ।

केशव विश्वकर्माले संगीत दिएको गीतको भिडियोमा अभिनेता आर्यन सिग्देल र मोडल सुनिता तामाङले अभिनय गरेका छन् । प्रेमिलभावको उक्त गीतमा यी दुई जोडीको रोमान्स देखाउने काम निर्देशक सियोन श्रेष्ठले गरेका छन् । केशव विश्वकर्माकै छायांकन रहेको उक्त भिडियाको सम्पादन दिनसन शाहले गरेका छन् । त्यस्तै गीतको रेकर्ड रञ्जन राईले गरेका छन् भने एरेन्ज विशाल निरौलले गरेका छन् ।

मनोज परियारको मिक्सिङ रहेको उक्त गीत युनिक इन्टरटेनबाट बजारमा आएको हो ।

## तिहार रिलिजबाट पछि हट्यो मायावी

■ प्रभाव संवाददाता




**काठमाडौं–** अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाइँको अभिनित फिल्म 'मायावी' को रिलिज मिति पछि सरेको छ । यस अघि कात्तिक १५ गते (लक्ष्मीपूजा) मा प्रदर्शन हुने भनिएको मायावी अब पुस २६ गते प्रदर्शन हुने भएको छ ।

यो मितिमा नेपाली र विदेशी गरी लगभग ५ वटा फिल्म पुगेपछि 'मायावी' को प्रदर्शन मिति सारिएको हो ।

फिल्मका निर्देशक दिवाकर भट्टराईले दुवै चलचित्रलाई शुभकामना दिदै मार्ग प्रसस्त गरेको र मायावी पुस २६ गते रिलिज हुने जानकारी दिएका छन् ।

'मायावी'ले प्रदर्शन मिति घोषणा गर्दा लक्ष्मीपूजामा नेपाली फिल्म 'एक्टरः टेक वान' आउने निश्चित थियो तर पछि अर्को नेपाली फिल्म 'पूर्ण बहादुरको सारंगी' थपियो ।

पल अभिनित रावायण बक्स अफिसमा फ्लप भएपछि निर्माताले तत्कालका लागि मिति पछि सारेको विश्लेषण गरिएको छ । अब यो फिल्म पुष २६ मा मायावी अर्को फिल्म कार्साङ्सँग भिड्ने भएको छ ।

दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा बनेको फिल्मको निर्मातामा राज कटुवाल, चन्द्र पन्त र ध्रुव न्यौपाने छन् । यसमा प्रशान्त ताम्राकार, सुशील सिटौला, राजाराम पौडेल, करिश्मा श्रेष्ठ लगायतको पनि अभिनय छ ।

## झिल्के एण्ड द कम्पनीको 'काठमाण्डु सहर' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली रक ब्याण्ड झिल्के एण्ड द कम्पनीले आफ्नो गीत 'काठमाण्डु शहर' को म्युजिक भिडियो सार्वजनिक गरेको छ । गीतमा काठमाडौं सहरलाई समर्पित गरिएको गीतमा काठमाडौंको जीवन्त संस्कृति र समृद्ध इतिहासको वर्णन गरिएको छ ।

ब्याण्डको एलबम 'जवानीको जोश'मा समेटिएको गीत 'काठमाण्डु शहर'ले द्वन्दकालको समयमा काठमाडौं सहरमा हुर्किदै गरेको एक युवकको अनुभवहरूलाई समेटिएको छ । व्यंग्यात्मक शब्दहरू र आकर्षक धुनसँग साँचो मायाका साथ व्यंग्य मिसाइएका गीतले काठमाडौंको लागि एक प्रेम पत्र समेटेको छ ।

ब्रोकन एग स्टुडियोमा रेकर्ड गरिएको गीत साउन्ड फ्युजन स्टुडियोमा राहिताज गुरुङले रिमास्टरिङ गरेका हुन् । ब्याण्डका अनुसार यो गीत सबै प्लेटफर्ममा उपलब्ध छ । गीतका गायक तथा गीतकार स्टिभ देवानले काठमाडौं आफ्नो घर भएकाले गीतमा घरप्रतिको गहिरो माया र स्नेहलाई प्रस्तुत गरेको बताए । म्युजिक भिडियो ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको युनेस्को विश्व सम्पदा क्षेत्र काठमाडौं दरबार स्क्वायरमा छायांकन गरिएको हो ।

ब्याण्डका व्यवस्थापक पोजेटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क(पीभीई) नेटवर्कका विकेश कायस्थले गीतले काठमाडौंको सुन्दरता र महत्वलाई जोड दिँदै गीतमार्फत सांस्कृतिक पहिचानको पनि प्रतिनिधित्व गराएको बताए ।

ब्याण्डका बेसिस्ट विशाल हाङ राईले गीतले सहर प्रतिको माया र सहरका समस्याहरू प्रति चिन्ता गरेको कुरालाई पनि प्रस्तुत गर्ने जनाए । ड्रमर दिपसन केसीले दर्शकलाई 'काठमाण्डु शहर'को दृश्य र श्रवण परिदृश्य अन्वेषण गर्न गर्दै गर्दा उनीहरूले ब्याण्डको संगीत र जीवनलाई आकार दिने सहरको लागि गहिरो कदर र सराहनाको भावना जगाएको उल्लेख गरे ।

## ट्रेलरमा 'हामी छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सलोन सलिना फिल्सस्को प्रस्तुतीमा निर्माण भएको डकुड्रामा 'हामी छौं (सिजन १)' को ट्रेलर सार्वजनिक भएको छ । सलिना बस्नेत र आर्यन पौडेलको प्रमुख भूमिकामा अभिनय रहेको डकुड्रामाको प्रस्तुतकर्ता शोभित बस्नेत हुन् ।

ट्रेलरमा वास्तविक जीवनमा घरेलु हिंसादेखि यौनिक हिंसाबाट पीडित भएका व्यक्तिहरूको कथालाई देखाइएको छ । वास्तविक घटनाको पीडालाई कलाकारहरूले जीवन्त अभिनयमार्फत प्रस्तुत गरेका छन् ।

७ एपिसोडको डकुड्रामामा रुस्मा राई, जयकिशन बस्नेत, उदय सुब्बा, राजु गिरी, सरिता गिरी, सुमिन गुरुङ, सुशान्तकुमार श्रेष्ठ, उमा कार्की, पुरन थापा, लय सङ्ग्रौला, सुस्मा लामा, समीर खान र गणेश बुढाथोकीको अभिनय छ । डकुड्रामाका प्रस्तुतकर्ता शोभित बस्नेतले देशका विभिन्न क्षेत्रमा रहेका असहाय, पीडितको सहयोगार्थ डकुड्रामा बनाइएको बताए । यो डकुड्रामामार्फत सात प्रदेशबाट ७ जना अशक्त, आर्थिक रूपमा कमजोर व्यक्तिलाई छनोट गरिएको थियो । शोभितका अनुसार यो डकुड्रामा असोज १२ गतेबाट हरेक शनिबार ओएसआर डिजिटलबाट प्रसारणमा आउनेछ ।

डकुड्रामामा रामजी राउतको निर्देशन छ । यसमा रामजी लामिछानेको कोरियोग्राफी, सौरभ लामाको छायांकन, आनन्द अधिकारीको गीत, शम्भुजित बासकोटाको संगीत, सुशील देवकोटाको लेखन, बन्दे प्रसादको सम्पादन, मदन न्यौपानेको श्रृंगार, केवलमान सिंह बस्नेतको प्रोडक्सन छ ।



**आइसिसी विश्वकप लिग-२**

## नेपाल क्यानडासँग पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा घरेलु टोली क्यानडासँग पराजित भएको छ। क्यानडाको किंग सिटीमा रहेको मप्ले लेआफ नर्थ वेस्ट क्रिकट ग्राउन्डमा गए राति सम्पन्न खेलमा नेपाल क्यानडासँग १०३ रनको भारी अन्तरले पराजित भएको हो । खराब 'ब्याटिङ' गरेको नेपाल क्यानडासँग एकदिवसीय खेलमा पहिलोपटक पराजित भएको हो । यसअघि क्यानडासँग भएको तीन भेटमा नेपालले तीनै खेलमा जित निकालेको थियो ।

खेलमा २५४ रनको लक्ष्य पछ्याएको नेपाल ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १५० रनमा समेटियो । नेपालका लागि करण केसीले सर्वाधिक २७ रन बनाए । उनले २४ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक २७ रन बनाएका हन् ।

त्यसैगरी, 'ओपनर' कुशल भुर्तेल एक रनमा नै आउट भए । सन्दीप लामिछाने २२, आसिफ शेख २०, भीम सार्की १८, गुलशन झा १५, कुशल मल्ल १२, दीपेन्द्रसिंह ऐरी आठ, सोमपाल कामी ६ तथा कप्तान रोहितकुमार पौडेल पाँच रनमा आउट भए । नेपाललाई सस्तैमा समेट्ने क्रममा क्यानडाका तीव्र गतिका 'बलर' डिलोन हेलिगरले पाँच विकेट लिएभने अखिल कुमार र अंश पटेलले समान दुई-दुई विकेट लिए । त्यस्तै, सादविन जाफरले एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ५३ रनको योगफल बनाएको थियो । उसका लागि कप्तान निकोलस किर्टोनले सर्वाधिक ७३ रनको योगदान गरे । उनले ४४ बलमा तीन चौका र ६ छक्कासहित ७३ रनको अविजित इनिङ खेलेका हुन् ।

यसैगरी, नवनीत धालिवालले ४८, डिलोन हेलिगर ३०, हर्ष थाकेर २७ रन जोड्दा परगत सिंह र साद बिन जाफरले समान १७ /१७ रन बनाए । त्यस्तै, आरोन जोनसनले १० रन बनाए । नेपालका सोमपाल कामी र ललित राजवंशीले समान दुई-दुई विकेट लिएभने सन्दीप लामिछाने, गुलशन झा र रोहित पौडेलले समान एक-एक विकेट लिए । अब नेपालले भोलि ओमानसँग खेल्नेछ ।

## नेपालले एएफसी यु-२० मा भाग लिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले एएफसी यु-२० एसियनकप छनोटका लागि चाइनिज ताइपेइ जाने नेपाली टोलीको बिदाइ गरेको छ ।एन्फाद्वारा आयोजित एक कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, एन्फाका अध्यक्ष पङ्कज विक्रम नेम्वाङ, उपाध्यक्ष दीपक खतिवडा, प्रवक्ता सुरेश शाहलगायतले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरे ।

छनोट खेलमा नेपाल समूह 'बी'मा रहेको छ । नेपालको समूहमा चाइनिज ताइपेइ, उज्वेकिस्तान, बहराइन र कम्बोडिया रहेका छन् । यो समूहको खेल सेप्टेम्बर २१ देखि २९ तारिखसम्म हुनेछ । नेपालले सेप्टेम्बर २१ मा कम्बोडियासँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ ।

यसैगरी नेपालले सेप्टेम्बर २३ मा घरेलु टोली चाइनिज ताइपेइ, २५ तारिखमा उज्वेकिस्तान र २७ तारिखमा बहराइनसँग खेल्नेछ । नेपाली टोलीको गोलकिपरमा जियारथ शेख, क्रिशल मोक्तान र अमित टमाटा छन् ।

त्यसैगरी रक्षकमा सविन घिमिरे, अश्विन घोरासैनी, विक्रम तामाङ, निर्मल बल, रामथापा, सिमान्त थापा, आयुष तिम्सिना र दीपक थापामगर छन् । मिडफिल्डरमा अभिनाश स्याङ्ताङ, कुशल देउवा, लक्ष्छु थापा, सरोज दर्लामी र प्रशान्त लक्छम रहेका छन् । फरवार्डमा अनिल बम्जन, धर्वेन्दर कुँवर, धनसिंह विक, निमा वाङ्गेल तामाङ, नीरज कार्की, निराजन धामी र समीर तामाङ छन् ।

## आरके सुवेदी फुटसलको उपाधि अजय एफसीलाई

■ प्रभाव संवाददाता



**काठमाडौं–** बक्स अफिस इन्टरनेशनल ग्रुपको आयोजनामा सम्पन्न १८ औ राम बहादुर (आरके) सुबेदी गोल्डकप सेभेन ए साईड खुला फुटसल प्रतियोगिताको उपाधि अजय एफसीले जितेको छ । तेन्जिङ चोक, बौद्धस्थित इलाईट फुटसलमा भएको उपाधि भिडन्तमा अजय एफसीले मोलम एफसीलाई शून्यका विरुद्ध ३ गोलले हराउँदै उपाधि जितेको हो । अजय एफसीको जितमा कुशन श्रेष्ठले दुई गोल गर्दा सन्तलाल तामाङले थप एक गोल गरे ।

विजेता बनेको अजय एफसीले उपाधिसहित नगद १,११,१११ रूपैयाँ हात पार्दा उपविजेता मोलम एफसीले ५५,५५५ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझायो ।

व्यक्तिगत विधातर्फ अजय एफसी कै अनिष माझी उत्कृष्ट गोलरक्षक बन्दा अजय एफसी कै कुशन श्रेष्ठले सर्वाधिक गोलकर्ताको पुरस्कार हात पारे । त्यस्तै मोलमका सुरेश श्रेष्ठ प्रतियोगिता कै सर्वोत्कृष्ट खेलाडी चुनिए भन्ने फियर पेलेको अवाड सेभेन एट एफसिले प्राप्त गरेको छ । देशभरिका कुल १०२ टिमबाट खुला छनोट गरेर ३२ टिमकि संयोजन गरि खेलाएको उक्त प्रतियोगिता अत्यन्तै रोचक रहेको थियो। प्रतियोगितामा फाइनलमा विभिन्न चलचित्रकर्मी, उद्यमी, पत्रकार समजसेवीहरूको उल्लेखनीय उपस्थित रहेको थियो ।

उपस्थित हुन्ने सम्पुर्णले फुटसल इतिहासकै आकर्षक ट्रफी, नौकन्या र नाङ्लोमा दियो बालेर धार्मिक परामपरा सैलिमा दिएको नगद पुरुषकारको उच्च प्रशंसा गरेका थिए । त्यसैगरी बक्स अफिस इन्टरनेसनल ग्रुपले आफ्नो तत्कालको टुनामेन्ड मंसिर २७ र २८ गते इलाइटमै ओपन च्यालेन्ज टेलिफिल्मकपको आयोजना मिति पनि सार्वजनिक गरेको कार्यक्रम अध्यक्ष आरके सुवेदीले बताए ।

## बौंदीकाली बन्यो प्रदेश च्याम्पियन

**काठमाडौं (प्रस)–** पोखरामा सम्पन्न प्रथम सुवाचन्द्र नेम्बाङ स्मृति गण्डकी प्रदेशस्तीय भलिबलको उपाधि बौंदीकाली गाउँपालिकाले हात पारेको छ । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनद्वारा आयोजित प्रतियोगिताको फाइनलमा बौंदीकाली गाउँपालिकाले विन्देश्वरी ठाँटी क्लबलाई पराजित गर्दै च्याम्पियन बनेको हो ।




सोमबार सम्पन्न फाइनलमा बौंदीकालीले ३-० को सोझोसेटमा विन्देश्वरीलाई हराएको हो ।

प्रतियोगिताकै उत्कृष्ट खेलाडी बौंदीकालीका सरोज बर्देवा घोषित भए भने उत्कृष्ट कोच बौंदीकालीकै सागर विष्ट घोषित भए । उपाधि विजेता बौंदीकाली गाउँपालिकाले नगद १ लाख ११ हजार १ सय ११ रूपैयाँसहित ट्रफि र शिल्ड पाएको छ भने उपविजेता बनेको विन्देश्वरी ठाँटीले ७१ हजार १ सय ११ रूपैयाँ, ट्रफि र शिल्ड पाएको छ ।



श्रीलंकाको केलनियास्थित एक मन्दिरमा पूर्णिमाका दिन मनाउने धार्मिक पर्व 'पोया' को अवसरमा प्रार्थना गर्दै बौद्ध भक्त । *तस्बिरः एएफपी*

# जापानमा वृद्धवृद्धाको संख्या उच्च



**टोकियो–** जापानमा यस वर्ष ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको संख्या तीन करोड ६२ लाख ५० हजार पुगेको सरकारी तथ्यांकले देखाएको छ ।

जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्यांकअनुसार जापानको कूल जनसंख्याको २९.३ प्रतिशत वृद्धवृद्धा रहेका छन् । विश्वका २०० देश र एक लाखभन्दा बढी जनसंख्या भएका क्षेत्रको सूचीमा ज्येष्ठ नागरिकको अनुपातका आधारमा जापान शीर्ष स्थानमा रहेको मन्त्रालयले जनाएको छ ।

इटाली, पोर्चुगल, ग्रीस, फिनल्याण्ड, जर्मनी र क्रोएसियाले युरोपको प्रतिनिधित्व गर्दै शीर्ष १० मा २० प्रतिशतभन्दा बढी वृद्धवृद्धाको जनसंख्या दर भएका मुलुकका रूपमा प्रतिनिधित्व गरेका छन् । दक्षिण कोरियामा १९.३ प्रतिशत र चीनमा १४.७ प्रतिशत वृद्धवृद्धाको जनसंख्या रहेको छ । जापानले बढ्दो जनसंख्या संकटको सामना गरिरहेको छ । बढ्दो वृद्ध जनसंख्याले चिकित्सा र कल्याणकारी लागत बढाउँछ साथै यसका लागि भुक्तानी गर्न श्रम शक्ति घट्दै जान्छ ।

जापानको सरकारी तथ्यांकअनुसार देशको कूल जनसंख्या पाँच लाख ९५ हजारले घटेर १२ करोड ४० लाखमा झरेको छ । आइतबारको तथ्यांकअनुसार सन् २०२३ मा जापानमा ९१ लाख ४० हजार वृद्धवृद्धाले कुनै न कुनै रोजगारी पाएका छन् । उनीहरूले कुल श्रमशक्तिको १३.५ प्रतिशत प्रतिनिधित्व गर्छन् वा हरेक सातमा एक जना रोजगार कर्मचारीको प्रतिनिधित्व गर्छन् । जापान सरकारले आफ्नो जनसंख्याको ह्रास र वृद्धवृद्धाको जनसंख्यालाई सन्तुलनमा राख्ने प्रयासस्वरूप विभिन्न योजनाहरू सार्वजनिक गरेको भए पनि यसले सार्थकता पाउन सकेको छैन । *रासस/एएफपी*

# नाइजेरियामा बाढीका कारण चार लाख प्रभावित : *राष्ट्रसंघ*



**राष्ट्रसंघ–** उत्तरपूर्वी नाइजेरियामा बाढीबाट चार लाखभन्दा बढी पीडित भएको र उनीहरूका लागि प्राथमिक खाद्य सहायता, पिउने पानी, सरसफाइ आवश्यकता रहेको संयुक्त राष्ट्रसंघीय मानवतावादीहरूले बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएचए) ले राष्ट्रसंघका एजेन्सी, गैरसरकारी संस्था (एनजिओ) र नाइजेरिया रेड क्रस सोसाइटीका प्रमुखको संयुक्त मिसनले प्रभावित क्षेत्रको साताव्यापी भ्रमण गरी प्रभावित तथा सरकारी अधिकारीसँग समन्वय गरेको जनाएको छ । लामो द्वन्द्वसँगै बाढीका कारण पटक-पटक विस्थापित भएका उनीहरूलाई यथाशीघ्र सहयोग चाहिएको जनाइएको छ ।

विपद्को समयमा लैंगिक हिंसाको जोखिम कम गरी महिला तथा बालबालिकाको सुरक्षाका लागि सक्षम सुरक्षा गतिविधिहरू तत्काल आवश्यकता रहेको कार्यालयले जनाएको छ । ओसिएचएका अनुसार सेप्टेम्बर-९ मा अलाउ बाँध क्षतिग्रस्त हुँदा तीन लाख मानिस विस्थापित भएका थिए । मैदुगुरीमा बाढीले अन्य महत्त्वपूर्ण पूर्वाधारसहित दुईवटा महत्त्वपूर्ण पुल आंशिकरूपमा ध्वस्त हुँदा सडकको पहुँचबाट वञ्चित हुनुपरेको छ ।

सरकारी प्रयासको समर्थनमा, राष्ट्रसंघ र मानवीय साझेदारहरूले प्रभावित क्षेत्रमा खाना उपलब्ध गराइरहेको कार्यालयले जनाएको छ । कार्यालयले यसका साथै पानी, सरसफाइ र रोगको प्रकोप रोक्न पानी शुद्धीकरण 'ट्याब्लेटहरू' प्रदान गरिरहेको उल्लेख गरेको छ ।

ओसिएचएले नाइजेरियाका लागि संयुक्त राष्ट्रसंघीय मानवीय समन्वयकर्ता मोहम्मद मलिक फलले नाइजेरियाको मानवीय कोषबाट छ मिलियन अमेरिकी डलरको कोष घोषणा गरेको जनाएको छ । कार्यालयका अनुसार पीडितहरूको जीवन बचाउन थप स्रोत र कोषको आवश्यकता छ । बाढीका कारण नाइजेरियामा तीन करोड २० लाख मानिसले गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेको पुष्टि गर्दै ओसिएचएले बाढीले एक लाख २५ हजार हेक्टरभन्दा बढी खेतीयोग्य जमिनमा क्षति पुगेको जनाएको छ ।

कार्यालयका अनुसार बाढीका कारण 'बोर्नो, आदामावा र योबे राज्यमा मात्र ४८ लाख मानिसले गम्भीर खाद्य असुरक्षाको सामना गर्न बाध्य छन् भने दुईलाख ३० हजार बालबालिका कूपोषणको खतरामा परेका छन् ।

खाद्य पदार्थको मूल्य तीन गुणा वृद्धि भएको छ । बाढीबाट बालीनालीको क्षति हुँदा थप चिन्ता बढाएको छ । *रासस/सिन्ह्वा*

# इजरायली कब्जा अन्त्यका लागि राष्ट्रसंघीय महासभामा बहस

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रंघका सदस्य राष्ट्रहरूले मंगलबार प्यालेस्टिनी क्षेत्रहरूमा इजरायली कब्जाको औपचारिक अन्त्यको माग गर्ने दबाबमूलक बहस गर्दै छन् । इजरायलको कडा आलोचना सामना गरेको यो बहस सन् १९६७ देखि इजरायलको कब्जालाई 'गैरकानुनी' घोषित गर्दै अन्तर ाष्ट्रिय न्याय अदालतको सल्लाहकार रायमा आधारित छ ।

इजरायललाई प्यालेस्टिनी क्षेत्रमा आफ्नो गैरकानुनी उपस्थिति सकेसम्म चाँडो अन्त्य गर्न महासभाको बहसले अनुरोध गरेको छ । प्रतिक्रियामा, अरब देशहरूले महासभाको सुरुआती सत्रलाई सम्बोधन गर्न दर्जनौं राष्ट्र र सरकार प्रमुखहरू राष्ट्रसंघीय मुख्यालयमा पुग्नुभन्दा केही दिनअघि सभाको विशेष सत्र आयोजना गरेका छन् ।

महासभाको आशय अन्तर्राष्ट्रिय समुदाय र आइसिजेको फैसलाको दबाबले इजरायललाई आफ्नो व्यवहार परिवर्तन गर्न बाध्य पार्न चाहेको संयुक्त राष्ट्रसंघका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले मस्यौदा प्रस्तावलाई स्वीकार गर्दै बताए । मस्यौदा प्रस्तावमा इजरायलले कब्जा गरेको प्यालेस्टिनी क्षेत्रमा गैरकानुनी उपस्थितिलाई अन्त्य गर्न माग गर्ने जनाइएको छ ।

प्रस्तावमा प्यालेस्टिनी क्षेत्रबाट इजरायली सेना फिर्ता गरी नयाँ बस्ती रोक्न, कब्जा गरिएको जग्गा र सम्पत्ति फिर्ता गर्न तथा विस्थापित प्यालेस्टिनीको फिर्तीको पनि माग गरिएको छ । मन्सुरले प्यालेस्टिनीको सहानुभूति र एकतालाई जोड दिँदै आफूहरू सकरात्मक नतिजाको आशामा रहेको उल्लेख गरे ।

सुरक्षा परिषद् गाजाको मुद्दामा धेरै हदसम्म लचक भएको छ भने अमेरिकाले बारम्बार इजरायलको निन्दा गर्दै युद्धको बीचमा महासभाले प्यालेस्टिनी नागरिकको समर्थनमा धेरै प्रयासहरू गरेको छ । गत मे महिनामा सभाले प्यालेस्टाइनको राष्ट्रसंघीय सदस्यताका लागि प्रतीकात्मक प्रस्तावलाई समर्थन गरी गरेको मतदानमा १४३ मत पक्षमा, नौ विरुद्धमा तथा २५ अनुपस्थित रहेका थिए ।

यस विषयमा दबाब स्वरूप यसअघि सुरक्षा परिषद्मा वासिङ्टनले भिटोसमेत प्रयोग गरेको थियो । यद्यपि, महासभाका प्रस्तावहरू बाध्यकारी छैनन्, इजरायलले पहिले नै नयाँ प्रस्तावलाई 'अपमानजनक' भन्दै निन्दा गरिसकेको छ । *रासस/एएफपी*

## सैन्य कारबाही विस्तार गर्दै इजरायल

**जेरुसेलम–** इजरायलले मंगलबार गाजामा सैन्य कारबाहीको लक्ष्य विस्तार गरेको छ । यसको मुख्य अभिप्राय इजरायल-लेबनान सीमामा हेजबुल्लाहसँग चलिरहेको द्वन्द्वका कारण विस्थापित उत्तरी इजरायली बासिन्दाको सुरक्षित फिर्ता गर्नु रहेको इजरायलले जनाएको छ ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको नेतृत्वमा सुरक्षा मन्त्रिपरिषद् बैठकबाट यो निर्णय स्वीकृत भएको उनको कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा मन्त्रीहरूले कारबाही लक्ष्यहरू अद्यावधिक गरी उत्तरी इजरायलका बासिन्दालाई उनीहरूको घरमा सुरक्षित फिर्ताका लागि प्रयास जारी गरिने उल्लेख छ ।

इजरायली रक्षामन्त्री योव ग्यालान्टले इजरायल र हेजबुल्लाहबीचको तनाव कम गर्ने प्रयासबारे छलफल गर्न तेल अभिभ पुगेका ह्वाइट हाउसका विशेष दूत अमोस होचस्टेनलाई कूटनीतिक समाधानका लागि बाटो बन्द हुँदै गरेको उल्लेख गरे ।

'उत्तरी सीमामा शान्ति कायम गर्न सैन्य कारबाही नै एकमात्र उपाय हो,' ग्यालान्टले बताए । लडाइँका कारण सीमाका दुवै किनाराका दशौं हजार बासिन्दाहरू विस्थापित भएका छन् । हेजबुल्लाहले इजरायल र हमासले लडाइँ अन्त्य गर्न सहमत भएमा युद्धविराम गर्ने बताएको छ । *रासस/सिन्ह्वा*

# जातीय द्वन्द्वपछि बन्द मणिपुरका विद्यालय खोलियो

**नयाँदिल्ली–** जातीय हिंसा तथा प्रदर्शनकारी र प्रहरीबीचको झडपका कारण बन्द भएको एक हप्तापछि भारतको उत्तरपूर्वी राज्य मणिपुरमा मंगलबारदेखि विद्यालयहरू पुनः खोलिएको स्थानीय सरकारले जनाएको छ ।

मणिपुरमा सन् २०२३ मे मा सुरु भएको हिन्दू मेइतेई बहुमत र इसाई कुकी समुदायबीच लडाइँका कारण कम्तीमा २०० जनाको ज्यान गएको स्रोतले जनाएको छ । त्यही समयदेखि युद्धग्रस्त म्यानमारको सिमानामा रहेको उत्तरपूर्वी राज्यमा समुदायहरू प्रतिद्वन्द्वी समूहहरूमा विभाजित भएका छन् ।

केही समयको सापेक्षिक शान्तिपछि, पछिल्लो समय फेरि हिंसा बल्झिँदा ११ जनाको मृत्यु भएको थियो । मणिपुरको राजधानी इम्फालमा लडाइँको विरोधमा मेइतेई विद्यार्थीले गरेको प्रदर्शनले हिंसात्मक रूप लिँदा राज्यका केही भागहरूमा कर्फ्यु र इन्टरनेट 'ब्ल्याकआउट' जारी गर्न बाध्य तुल्यायो ।

हाल हिंसा कम भएसँगै इन्टरनेट सेवा पुनःस्थापित भएको छ भने मंगलबारदेखि सबै विद्यालयमा सामान्य कक्षाहरू पुनः सुरु गरिएको छ । मणिपुरका मुख्यमन्त्री बीरेन सिंहले सबैलाई जिम्मेवारीपूर्वक इन्टरनेट प्रयोग गर्न तथा शान्ति र सद्भाव बिगार्ने कुनै सामग्री पोस्ट नगर्न आग्रह गरेका छन् ।

यसैबीच अधिकारकर्मीहरूले स्थानीय नेताहरूले राजनीतिक लाभका लागि जातीय विभाजन बढाएको आरोप लगाएका छन् । *रासस/एएफपी*

# रूसी सञ्चारमाध्यममाथि मेटाले लगायो प्रतिबन्ध

**सान फ्रान्सिस्को–** टेक जायन्ट कम्पनी मेटाले सोमबार विदेशी हस्तक्षेप गतिविधि बढाएको कारण देखाउँदै आफ्नो फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, थ्रेड्सलगायतका सामाजिक सञ्जालबाट रूसी सरकार समर्थित सञ्चारमाध्यमलाई विश्वव्यापीरूपमा प्रतिबन्ध लगाएको छ ।

संयुक्त राज्य अमेरिकाले रुस समर्थित सामाचारमाध्यम आरटीको कर्मचारी र यसका प्रधानसम्पादकलाई अमेरिकी चुनावलाई प्रभाव पार्ने आरोपमा प्रतिबन्ध लगाएको केही समयपछि मेटाले यो घोषणा गरेको हो । युएस स्टेट डिपार्टमेन्टले आरटीलाई युरोप, अफ्रिका र उत्तर र दक्षिण अमेरिकाका देशहरूमा 'सूचना सञ्चालन, गुप्त प्रभाव र सैन्य खरिद' मा संलग्न भएको आरोप लगाएको छ ।

'सावधानीपूर्वक विचार गरेपछि, हामीले रूसको राष्ट्रिय सञ्चारमाध्यमविरुद्ध हाम्रो चलिरहेको प्रवर्तन विस्तार गरेका हौं,' मेटाले बताएको छ, 'रोसिया सेगोडन्या, आरटी र अन्य सम्बन्धित संस्थाहरूलाई अब विदेशी हस्तक्षेप गतिविधिका लागि विश्वव्यापी रूपमा हाम्रा सञ्जालहरूबाट प्रतिबन्ध लगाइएको छ ।'

सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गरेपछि आरटीलाई गैरकानुनीरूपमा सञ्चालित रहेको आरोपमा बेलायत, क्यानाडा, युरोपेली संघ र संयुक्त राज्य अमेरिकामा औपचारिक रूपमा प्रतिबन्ध लगाइएको थियो । आरटीमाथि अमेरिकाविरुद्ध भ्रामक सूचना फैलाउने गोप्य परियोजनाको रूपमा अनलाइन सामग्री निर्माण कम्पनी 'टेनेसी'लाई वित्तपोषण गरेको अभियोग लगाइएको हो । सन् २०२३ को अन्त्यमा सुरु भएदेखि रुसले समर्थन गरेको अमेरिकी अनलाइन सामग्री निर्माण कम्पनीले अमेरिकाविरुद्ध लगभग दुई हजार भिडियो पोस्ट गरेको छ । भिडियोहरू युटचुबमा मात्रै एक करोड ६० लाखभन्दा बढी पटक हेरिएको अभियोगमा उल्लेख गरिएको छ । *रासस/एएफपी*

# कोप-२९ को प्रमुख लक्ष्य निष्कर्षमा पुग्न नसकेको आयोजक अजरबैजानको दाबी

**पेरिस–** संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप-२९) को आयोजक अजरबैजानले मंगलबार प्रमुख लक्ष्य जलवायु वित्त कोषको विषय निष्कर्षमा पुग्न नसकेपछि सम्मेलन पर्यटनदेखि विश्व शान्तिसम्म सबै कुरामा राष्ट्रको स्वेच्छिक प्रतिज्ञामा केन्द्रित रहने जनाएको छ ।

नोभेम्बरमा हुने सम्मेलनमा विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्न आवश्यक रकम र रकमको स्रोत निर्धारणमा राष्ट्रहरू सहमत हुने अपेक्षा गरिएको छ तर अहिलेसम्मको औपचारिक वार्ता असहमतिमा टुंगिएको छ । विभिन्न गतिरोधको बावजुद पनि सम्मेलनका लागि उत्साहित रहेको अजरबैजानले कठिन वार्तालाई 'पूरक' गर्ने आशामा एक दर्जनभन्दा बढी पहलहरू अगाडि सारेको छ । अजरबैजानले यस सन्दर्भमा म्याराथन शिखर सम्मेलनको क्रममा राष्ट्रलाई युद्धविराम गर्न आग्रह गर्ने, जैविक फोहोर र पर्यटन उद्योगबाट हुने मिथेन उत्सर्जन घटाउने प्रतिबद्धता जनाउने र विश्वव्यापी ऊर्जा भण्डारणलाई बढावा दिने वाचा गर्नेजस्ता आवश्यक पहल गरेको हो ।

कोप-२९ मा अजरबैजानले प्रस्ताव गरेको मुख्य एजेण्डामध्ये जलवायु वित्त कोष निर्धारणको लक्ष्य विकासोन्मुख देशहरूका लागि जलवायु परिवर्तनसँग जुध्न जीवाश्म इन्धन उत्पादन गर्ने देश र उद्योगबाट आवश्यक रकम संकलन गर्नु हो । जीवाश्म इन्धनमा निर्भर अजरबैजानले 'जलवायु वित्त कार्य कोष' मा पहिलो योगदान गर्ने अपेक्षा गरिएको छ ।

यस वर्ष बाकुमा हुने शिखर सम्मेलनमा विकासशील देशलाई 'वार्मिङ ग्रह'सँग अनुकूलन गर्न आवश्यक रकम निर्धारण गर्न र उक्त रकम जुटाउन राष्ट्रहरू प्रतिबद्ध हुने अपेक्षा गरिएको छ । राष्ट्रका स्वेच्छिक पहलजस्तै गैरबाध्यकारी प्रतिज्ञा र प्रतिबद्धता कोप शिखर सम्मेलनका विशेषताहरू हुन् तर यस्ता प्रतिज्ञाहरू संयुक्त राष्ट्रसंघको समर्थनमा पक्षबीच सहमतिद्वारा उत्पन्न हुने बाध्यकारी सम्झौताभन्दा फरक छन् । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५६७०० | प्रति तोला - - | प्रति तोला - १९०५ |



**हरियाली धानखेती** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–११ सुब्बाकुनामा धानखेतको हरियाली । असारमा रोपिएको धान कात्तिकको अन्तिममा पाक्ने गर्दछ । धानलाई यस भेगमा प्रमुख बालीका रूपमा लिइन्छ । *तस्बिर : सुरेश आचार्य/रासस*

# बजेट खर्च दुई महिनामा साढे सात प्रतिशत

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा सरकारको बजेट खर्च करिब साढे सात प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा कूल विनियोजनको सात दशमलव ३९ प्रतिशत अर्थात् रु एक खर्ब ३७ अर्ब ५५ करोड २७ लाख बराबर बजेट खर्च भएको हो ।

चालु आवका लागि सरकारले कूल रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । यो अवधिमा चालुतर्फ सात दशमलव २८ प्रतिशत अर्थात् रु ८२ अर्ब ९८ करोड ६५ लाख बराबर खर्च भएको छ । चालु आवका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बराबर विनियोजन गरेको थियो ।

पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर बजेट विनियोजन भएकोमा चार दशमलव २३ प्रतिशत अर्थात् रु १४ अर्ब ८९ करोड ४० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा १० दशमलव आठ प्रतिशत अर्थात् रु ३९ अर्ब ६७ करोड २२ लाख बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ५२ प्रतिशत राजस्व असुली गरेको छ । चालु आवका लागि कूल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख बराबर सङ्कलन भएको छ ।

यो अवधिमा संकलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११ दशमलव ३१ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार असुली भएको छ । कर राजस्वतर्फ सरकारले कूल रु १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख बराबर उठाउने वार्षिक लक्ष्य राखेको छ ।

गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५ दशमलव ६९ प्रतिशत अर्थात् रु २१ अर्ब १९ करोड ४३ लाख बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा हालसम्म वैदेशिक अनुदान उठाउन सकेको छैन ।

# सुदूरपश्चिम प्रदेश सरकारले ल्यायो ३१ अर्ब ६२ करोडको बजेट

■ प्रभाव संवाददाता

**धनगढी–** आर्थिक वर्ष सुरू भएको दुई महिनापछि सुदूरपश्चिम प्रदेश सरकारले ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार रूपैयाँको बजेट ल्याएको छ । असार एक गते प्रदेश सभामा प्रस्तुत भएको विनियोजन विधेयेक फिर्ता लिँदै प्रदेश सरकारका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले सोमबार आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरेका हुन् ।

प्रदेश सरकारले ल्याएको बजेटमा पुंजीगत तर्फ १८ अर्ब ७६ करोड २४ लाख अर्थात् ५९ दशमलव ३२ प्रतिशत् र चालुतर्फ १२ अर्ब ८५ करोड ७४ लाख अर्थात् ४० दशमलव ६५ प्रतिशत विनियोजन गरिएको छ ।

सुदूरपश्चिम प्रदेश सभाका विपक्षी दलहरू माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले भने बजेट भाषण बहिस्कार गरेका थिए । विपक्षीको विरोधका कारण प्रदेश सभा बैठक केहीबेर अवरुद्ध समेत भएको थियो । असार एक गते नै आउनुपर्ने बजेट अहिले ल्याउनु संविधान र कानुनको विपरीत भएको भन्दै माओवादी केन्द्र र एकीकृत समाजवादीले प्रदेशसभामा नाराबाजीसमेत गरेका थिए ।

कमलबहादुर शाह नेतृत्वको सरकारले सोही बजेटलाई हेरफेर गरी आकार केही बढाएर सोमबार प्रदेश सभामा प्रस्तुत गरेको हो । दीर्घ सोडारी नेतृत्वको तत्कालीन सरकारले ल्याएको बजेट पारित नहुँदा सुदूरपश्चिम प्रदेश साउन १ गतेदेखि बजेट शून्यतामा गएको थियो ।

अध्यादेश ल्याएर राजश्व उठाउने बाटो खोलिए पनि सरकारी खर्च ठप्प थियो भने कर्मचारीले तलब पनि खान पाएका थिएनन् । कांग्रेस एमालेको नयाँ समीकरण बनेसँगै समर्थन फिर्ता लिएर एमाले सरकारबाट बाहिरिएपछि दीर्घ सोडारी नेतृत्वको सरकारले ल्याएको बजेट अलपत्र परेको थियो ।

## मनकामना केबलकार पुनः सञ्चालन

**मुग्लिन (प्रस)–** मनकामना केबलकार पुनः नियमित सञ्चालनमा आएको छ । मनकमना दर्शन प्रालिद्वारा सञ्चालित नेपालको पहिलो 'केबलकार' 'डिजिटल' प्रविधिमा सञ्चालन भएको हो । स्तरोन्नतिका लागि गत असार ३१ गतेदेखि केबलकार सेवा बन्द गरिएको थियो । २६ वर्षदेखि 'एनालग' प्रविधिका माध्यमबाट सञ्चालन हुँदै आएको केबलकार 'डिजिटल' प्रविधिमा रूपान्तरण गर्ने कार्य सम्पन्न भएको मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिए । अष्ट्रियाको डोप्पलमेयर कम्पनीका इन्जिनियर तथा प्राविधिकको सुपरिवेक्षणमा डिजिटल प्रविधिमा रूपान्तरण गर्ने काम सम्पन्न भएको उनले बताए ।

## पर्वतारोहण संघको साधारणसभा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पर्वतारोहण संघको ३४औं केन्द्रीय वार्षिक साधारण सभा सम्पन्न भएको छ । मंगलबार काठमाडौंको लिस रिसेप्सनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आथित्यमा संघको ३४ औं केन्द्रीय वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले हाल संसद अधिवेशन अन्त्य भएकाले हिउँदे अधिवेशन अगावै ऐनहरूलाई मूर्त रूप दिने काम हुने विश्वास व्यक्त गरेका छन् ।




मन्त्री पाण्डे भने, 'हिजो मात्रै संसदको अधिवेशन अन्त्य भएको छ । हामीले पर्यटन, संस्कृति, हवाई उड्यन, लगायतका नीतिहरू परिमार्जन गर्न खोजिरहेका छौं । संसदको हिउँदे अधिवेशन सुरु हुनु अगावै नीतिलाई अन्तिम रूप दिने छौं ।' मन्त्री पाण्डेले नेपाल पर्वतारोहण सम्बन्धी ऐनमा के कहाँ परिमार्जन गर्न सकिन्छ त्यसबारे सुझाव दिन समेत आव्हान गरेका छन् । उनले मूलुकको स्थायीत्वका लागि दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउनु परेको उद्घोष गरे । उनले भने, 'नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा उभिनु सहजता पक्कै पनि होइन । यो स्वभाविक पनि छैन । तर स्थीर सरकार चलाउनका लागि एक ठाउँमा उभिएका हौं ।' यो सरकार ०८४ सम्मै चल्छ । उनले मुलकको समृद्धि र विकासका लागि प्रमुख प्रतिपक्षीमा रहेका दल नेकपा माओवादी, राप्रपा लगायत मधेशवादी दलहरूसँग समेत सहकार्य गर्न सकिनेमा जोड दिए ।

संघले गत वर्ष धेरै कार्यक्रमहरूका विषयमा काम गरेको अध्यक्ष निमा नुरु शेर्पाले बताए । सरकार र सरोकारवालासँग ५७ वटा हिमालहरूको खोल्नको लागि सिफारिस गरेको उनले बताए । उनले भने, 'नेपाल पर्वतारोहण संघ स्थापना भएको ५० वर्ष पुरा भएको उपलक्ष्यमा गत वर्ष एसियाली पर्वतारोहण महासंघको वार्षिक साधारण सभा काठमाडौंमा सफलतापूर्वक आयोजना गरेका छौं । २० वटा एसियाली देशका ३० जना प्रतिनिधिहरू उपस्थितभै पर्वतीय वातावरण, पर्वतीय पर्यटनका सम्वन्धमा छलफल भएको उक्त सम्मेलन नेपालमा आयोजना हुनु हाम्रो लागि ठूलो उपलब्धी भएको महसुस हामीले गरेका छौं ।'

पर्वतीय पर्यटन राष्ट्रका एकमात्र मौलिक उद्योग रहेको जसबाट राज्यलाई राजश्व संकलनमा टेवा पुयाएको उनले बताए । आलु मात्र फल्ने क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जनजिविका चलाउन सहज भएको छ । सामान्य कर्मचारीहरू हिमाल आरोहणको लागि सम्पर्क अधिकृत भएर जान पाउने अवसर पनि प्राप्त भएको छ । तसर्थ पर्वतीय पर्यटन बचाउनको लागि नेपाल पर्वतारोहण संघ बच्न जरुरी रहेको उनले बताए ।

# 'उत्पादकत्व बढाउन निजी क्षेत्रलाई अघि बढाउनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको सरुवातकालीन कृषि विज्ञ शिवबहादुर नेपाली प्रधानको अंग्रेजी पुस्तक 'नेपाल स्पिक्सः सोसल कन्सियस अर्डर' सार्वजनिक भएको छ । ललितपुरमा आयोजित एक कार्यक्रममा पूर्वप्रशासक तथा कुटनीतिज्ञ सूर्यप्रसाद श्रेष्ठले प्रधानको पुस्तक 'नेपाल स्पिक्स'को विमोचन गरे ।

पुस्तकबारे टिप्पणी गर्दै पूर्वआयुक्त तथा राजदूत श्रेष्ठले लेखक प्रधानले 'कुनै नेपाली भोको नहोस्, बेरोजगार नहोस्, र निरक्षर नहोस्' भन्ने कथन साह्रै घतलाग्दो गरी पुस्तकमा प्रस्तुत गरेको बताए । 'सबै नेपालीको पेट भर्ने, रोजगारी दिने र साक्षर बनाउने आधार के-के हुन सक्छन् भन्ने पनि पुस्तकमा बुँदासहित आएको छ,' श्रेष्ठले भने । नेपालको कृषि क्षेत्रमा लेखक प्रधानको अतुलनीय योगदान रहेको बताउँदै श्रेष्ठले पुस्तक नयाँ नेपाल बनाउने एउटा आधार हुनसक्ने बताए ।



पुस्तकमा नेपालको इतिहास, राजनीति, अर्थतन्त्र र कृषि क्षेत्रको संक्षिप्त चित्र प्रस्तुत भएको टिप्पणी गर्दै पत्रकार रमेश लम्सालले नेपालको व्यवहारिक विकास कसरी गर्ने भन्ने विषयमा पुस्तक एउटा मार्गचित्र भएको बताए । 'कृषिको मात्रै होइन नेपालकै विकास कसरी गर्न सकिन्छ भन्ने प्रस्तावना पुस्तकमा छ,' लम्सालले भने, 'उत्पादकत्व बढाउन ध्यान दिनुपर्ने विषयलाई पुस्तकमा मिहिन रूपमा केलाइएको छ ।'

विकासको राष्ट्रिय प्राथमिकता के हुनुपर्छ, त्यसलाई कार्यान्वयन गर्ने तल्लो निकायमा के-के गर्नुपर्छ भन्ने सूची नै तथा माथिल्लो तहका योजना आयोगजस्ता निकायले के कसरी काम गर्नुपर्छ भन्ने प्रस्तावना पनि किताबमा आएको उनले बताए । 'निजी क्षेत्रलाई अघि नलगाएसम्म देशमा उत्पादकत्व वृद्धि हुँदैन भन्नेमा लेखकको विषेश जोड छ,' उनले भने ।

कृषि क्षेत्रको विकासमा शिवबहादुर नेपालीको उच्च योगदान रहेको चर्चा गर्दै कृषिविद् कृष्णकुमार पाँडेले जिल्लाको वस्तुस्थिति बुझेर व्यवहारिक निर्णय गर्ने र परिणाममुखी काम गर्ने अधिकृतका रूपमा उनलाई आफूले पाएको बताए । 'नेपालमा कृषिमा साँच्चै नै क्रान्ति नै भएको छ र त्यो क्रान्ति उहाँहरूजस्ता विज्ञकै योगदानले सम्भव भएको हो,' पाँडेले भने ।

प्रधान परिआएको बेला, परिआएको जिम्मेवारी इमान्दारीका साथ निर्वाह गर्ने कर्मचारी रहेको बताउँदै टिप्पणीकर्ता महेश्वर आचार्यले नेपाललाई आवश्यक उनीजस्तो जनशक्ति धैरभन्दा धेरै चाहिने भए पनि कार्यकर्ता पोस्ने र विज्ञलाई पाखा लगाउने परिपाटीले प्रधानजस्तो मान्छे ओझेलमा परेको बताए । 'विज्ञले नेताको मनस्थिति हरेर आफ्ना अनुकूलतामा बोल्ने परिपाटीमा उहाँजस्तो मान्छे एक्लो वृहस्पति सरह भएका छन्,' आचार्यले बताए ।

प्रधानको यसअघि प्रकाशित 'कृषिमा मेरो बाटो' हरेक युवाहरूले पढ्नुपर्ने प्रेरणात्मक पुस्तक भएको र यो पुस्तक नीतिगत तहमा कार्यरत सबैलाई मार्गदर्शक भएको उनले बताए । निर्वाहमुखी कृषिलाई कसरी दिगो बनाउन सकिन्छ भन्नेतर्फ प्रधानले सुरु गरेका योजना अझै पनि विस्तार गर्नुपर्ने आवश्यकता रहेको उनले औंल्याए ।

प्रधानले नेपालमा पहिलो पटक दाना बनाउने काम, च्याउ खेती सुरुवात गर्ने काम गरेका थिए । नेपालमा वर्षाको रेकर्ड राख्ने काम पनि उनैले कीर्तिपुर बागबानी कार्यालयबाट सुरु गरेका हुन् । पहिलो कृषि योजना पनि उनकै अगुवाइमा बनेको थियो । त्यस्तै, पश्चिम नेपालमा स्याउ खेती प्रवर्द्धनमा उनको ठूलो योगदान छ । 'एक लाख बोट स्याउका बिरुवा भारतबाट ल्याएर पश्चिम नेपालको जुम्लामा पुऱ्याएको उनको अनभुव अझै पनि विकास क्षेत्रमा कार्यरतहरूका लागि एउटा केस स्टडी जस्तो छ,' उनले भने, 'हामी स्टार्टअप र दिगो विकासको कुरा गर्छौं । ककनीमा मुला खेतीलाई दिगो बनाउन उहाँले गर्नुभएको स्थानीय किसान र कृषि कार्यालयको सहकार्य अहिले पनि अनुकरणीय उदाहरण हो ।'

'उहाँ जगेडामा पर्नु भएपछि अवसर र समयको सदुपयोग गर्दै बेलायतको रिडिङ युनिभर्सिटी पढ्न जानुभएछ । उहाँले त्यहाँ विकास गर्नुभएको पहाडी विकासको अवधारण अहिले पनि उत्तिकै सान्दर्भिक छ । खासमा नेपालको कृषि विकासको अपरिहार्य मोडेल नै त्यही हो । त्यही अवधारणमा आखिरमा इसिमोड पनि स्थापित भएको छ । उहाँले जुन खाका नेपालजस्तो पहाडी मुलुकको विकासको आधार पहिचान गर्नुभएको थियो, इसिमोडको पनि त्यही उद्देश्य छ । यसले उहाँको दीर्घकालीन सोचको पुष्टि हुन्छ,' आचार्यले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ